लेखापरीक्षण प्रतिवेदन

कन्चन गाउँपालिका, रुपन्देही

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

कन्चन गाउँपालिका, रुपन्देही

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/701

श्रीमान् अध्यक्षज्यू,

कन्चन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

रुपन्देही ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/701

श्रीमान् अध्यक्षज्यू,

कन्चन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

रुपन्देही।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१.कैफियतसहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२.कैफियतसहितको राय व्यक्त गर्ने आधार

२.१.महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिमको ढाँचामा वित्तीय विवरण तयार गर्नु पर्नेमा यस गाउँपालिकाले अन्तरसरकारी अख्तियारी तर्फको कारोबार समावेश गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ कुल आय र व्ययतर्फको रु.१ अर्ब ३७ करोड ९ लाख १२ हजारको लेखापरीक्षणबाट रु. ३३ लाख ६८ हजार बेरुजु देखिएकोमा प्रतिक्रिया प्राप्त नभएकोले पेश्की बाँकी रु. ३३ लाख ६८ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.९ करोड ५१ लाख ५४ हजार मध्ये रु. ४ करोड ४६ लाख ५९ हजार सम्परीक्षण भई यस वर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजू रु.५ करोड ३८ लाख ६३ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत कन्चन गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५.वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
३८	१	३३,६७,९६६	०	०	०	०	३८	१	३३,६७,९६६	०	०	०	०	०	०	३३,६७,९६६

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
रुपन्देही	९,५१,५४,८२४	०	४,४६,५९,०९४	५,०४,९५,७३०	0	३३,६७,९६६	५,३८,६३,६९६

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	६३	विद्युत मर्मत तथा पोल खरिद	१,५३,४९१
२	२०८०/८१	३८	वितरणमुखी खर्च	९,९४,१२३
३	२०८०/८१	२८	मुचुल्का राजश्वको ५० प्रतिशत कर्मचारीले पाउने	१,३९,५००
४	२०८०/८१	२९	बैदेशिक भ्रमण खर्च	१,३६,५३०

५	२०८०/८१	६१	फिटिङ्ग खर्च	१,००,०००
६	२०८०/८१	३१	जेहेन्दार छात्रबृत्ती	४,८२,०००
७	२०८०/८१	६४	क्याम्पसलाई अनुदान	५,००,०००
८	२०८०/८१	८०	उपभोक्ता समितिबाट कार्यालय निर्माणका कार्य	१४,४९,४१२
९	२०८०/८१	३३	इलाका प्रहरी रुद्रपुरले कार्यक्रम संचालन	४,४०,७९८
१०	२०८०/८१	३९.२	आन्तरिक लेखापरीक्षण	५०,०००
११	२०८०/८१	८४	अन्य संस्थाको कार्य	४,००,०००
१२	२०७९/८०	७.२	संगठन तथा कर्मचारी व्यवस्थापन	२७,०६,९१२
१३	२०७९/८०	४९.२	बगही देखि बाजबजाह दयानगर कालोपत्रे सडक निर्माण	१५,१३,३५१
१४	२०७९/८०	६७	अनुगमन भत्ता	४,५०,५००
१५	२०७८/७९	४०	भरपाई पेश नभएको	१,८७,६००
१६	२०७८/७९	६३.३	नविकरणिय उर्जा	४,९८,०८०
१७	२०७८/७९	४१	ड्राइभिङ ट्रेनिङ	१,४९,९८०
१८	२०७८/७९	४५	कार्यक्रम सम्बन्धि भत्ता	५,३३,५००
१९	२०७७/७८	४४	शिर्षक फरकपारी खर्च	९७,५९२
२०	२०७७/७८	१३	अनुदानको गुणस्तर र सदुपयोग	३२,५०,०००
२१	२०७६/७७	११.५	सभाबाट स्वीकृत नभएको योजना	५१,४०,०००
२२	२०७६/७७	१२.२	अनुगमन तथा भ्रमण प्रतिवेदन	१,८५,७२५
२३	२०७६/७७	१२.४	नाफामुलक संस्थालाई सामग्री खरिद	१,००,०००
२४	२०७५/७६	३३	विशेष अनुदान	२,५०,००,०००
जम्मा				४,४६,५९,०९४

कन्चन गाउँपालिका, रुपन्देही

(८०५४८५०२३००)

कन्चन गाउँपालिका , रुपन्देही

परिचय

१ **परिचय खण्ड**

(क) कार्यालय परिचयः- रुपन्देही जिल्लाको साविक गजेडि र रुद्रपुर गाविसलाई गाँभेर बनेको कञ्चन गाउँपालिका पूर्व पश्चिम लोकमार्ग अन्तर्गत बाँसगढीबाट करीब १ किलोमिटर दक्षिण ८३.२७०३५३ पूर्वी देशान्तर र २७.६४२२९१ उत्तर अक्षांशसम्म र समुन्द्र सतहदेखि करीब ९२.१ मिटर को उचाइमा अवस्थित छ। यो गाउँपालिकाको क्षेत्रफल ५८.५१ वर्ग किलोमिटर छ भने यस गाउँपालिकाको उत्तरमा सैनामैना नगरपालिका र पूर्वमा गैडहवा गाउँपालिका, पश्चिममा कपिलबस्तुको सिमाना, उत्तर-पूर्वमा सैनामैनागाउँपालिका अवस्थित छन्। यस गाउँपालिकामा अध्यक्ष, उपाध्यक्ष, ५ वडाअध्यक्ष सहित २८ सदस्यीय गाउँसभा र १३ सदस्यीय कार्यपालिका रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्यः- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८१।८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधिः- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तिय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१।८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।१०।२ देखि २०८२।१०।४ सम्म रहेको छ।

(घ) लेखापरीक्षण विधिः- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

(ङ)लेखापरीक्षणको सीमाः- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएकाव्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

(च) आर्थिक कारोबारको स्थितिः- पालिकाको आय र व्ययतर्फको रु.१ अर्ब ३७ करोड ९ लाख १२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

(छ) लेखापरीक्षणको क्रममा असुलीः- लेखापरीक्षणको क्रममा रु.४४ हजार असुल भई पालिकाको सञ्चित कोषमा दाखिला भएको छ।

सेवा प्रवाह

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(१) मा स्थानीय सरकारको काम कर्तव्य र अधिकार नेपालको संविधानको अनुसूची - ८ बमोजिम ११(२) मा व्यवस्था गरिएको छ। पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।

८२ मा पालिकाबाट निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ। पालिकाबाट वार्षिक तथा बहुवर्षीय रुपमा प्रयोग हुने गरी उपलब्ध गराएका अनुदान तथा सेवा प्रवाहको अभिलेख लाभग्राहीगत रुपमा व्यवस्थित गर्नु पर्दछ।

विवरण	निवेदन दर्ता	सिफारिस भएको संख्या
स्वीकृत घर नक्सा दर्ता पास	३०	२५
पञ्जिकरण तर्फ		
जन्मदर्ता	८०२	८०२
मृत्युदर्ता	२८२	२८२
बसाईसराई दर्ता	२०७	२०७
विवाह दर्ता	३८४	३८४
सम्बन्ध विच्छेद दर्ता	५३	५३
	संख्या	परिमाण (किलोमिटर)
पूर्वाधार विकास सडक निर्माण		
कालोपत्रे सडक निर्माण	६	५.३०
कालोपत्रे सडक मर्मत	८	६.००
ग्राभेल सडक निर्माण	१०	३.००
ग्राभेल सडक मर्मत	४०	३.००

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आर्थिक कारोबारको एकिकृत वित्तिय विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ ।

पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण निम्नानुसार छः-

आर्थिक कारोवारको एकिकृत विवरण			
आर्थिक वर्ष २०८१।८२			
प्राप्ति	**रकम**	**भुक्तानी**	**रकम**
सुरु मौज्दात		**चालु खर्च**	
१. संचित कोष	७१४८५५१३	१. पालिका तर्फ	१२२१३३३२६
२. धरौटी	९७२९९१३	२. संघीय सशर्त	१८५०६७९३८
३. प्रकोप व्यवस्थापन कोष खाता	१७०५९८६	३. प्रकोप व्यवस्थापन कोष खाता	१६३८९१
४. कर्मचारी कल्याण कोष खाता	३७११५४	४. कर्मचारी कल्याण कोष खाता	४२१६६
यस वर्षको आय		**अन्तर सरकारी अख्तियारी (संघ)**	
१.आन्तरिक आय	२९५६८०६९	क) सामाजिक सुरक्षा	१७३२८९४००
२. वित्तीय हस्तान्तरण (संघ)		ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	२८३५०००
क) समानीकरण अनुदान	११०८४६०८०	**पुँजीगत खर्च**	
ख) राजस्व बाँडफाँट	८३१४११३१	१. पालिका तर्फ	१२९६२१२७८
ग) सशर्त अनुदान	२१३३४२४८०	२. संघीय सशर्त	३७०००००
घ) समपुरक अनुदान	४५०३३६२	३. संघीय विशेष	२६४०४७४८
ङ) विशेष अनुदान	२७६५३४९७	४. संघीय समपुरक	३९९३९९२
३. वित्तीय हस्तान्तरण (प्रदेश)		५. प्रदेश सशर्त	५४०३४४२
क) समानीकरण अनुदान	८२१७०००	६. प्रदेश विशेष	१५०००००
ख) राजस्व बाँडफाँट	६१५९४२९	७. प्रदेश समपुरक	६०३२५२७
ग) सशर्त अनुदान	५४०७६९३	८. सडक बोर्ड	२३०००००
घ) समपुरक अनुदान	६०३२५२७	**धरौटी फिर्ता तथा सदर स्याहा**	२४५९९८२
ङ) विशेष अनुदान	१५०००००	**अनुदान फिर्ता**	
४. अन्तर सरकारी अख्तियारी (संघ)		**१. संघ तर्फ**	
क) सामाजिक सुरक्षा	१७३२८९४००	क) सशर्त अनुदान चालु	२२७१४५४२
ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	२८३५०००	ख) सशर्त अनुदान पुँजिगत	१८६००००
५. धरौटी आय	४८३२४६४	ग) विशेष अनुदान	१२४८७४९
६. सडक बोर्ड	२३०००००	घ) समपुरक अनुदान	५०९३७०
		२. प्रदेश तर्फ	
		क) सशर्त अनुदान	४२५१
		अन्तिम मौज्दात	
		१. संचित कोषको मौज्दात	५७६६२६१८
		२. धरौटी	१२१०२३९५

		३. प्रकोप व्यवस्थापन कोष खाता	१५४२०९५
		४. कर्मचारी कल्याण कोष खाता	३२८९८८
जम्मा	**७६२९२०६९८**	**जम्मा**	**७६२९२०६९८**

नेपाल सरकार मन्त्रिपरिषद्को २०७६।१।१७ को निर्णयानुसार सबै स्थानीय तहमा स्थानीय तह संचितकोष व्यवस्थापन प्रणाली (Sub-National Treasury Regulatory Application- SuTRA)लागु गर्ने निर्णय भई कार्यान्वियनमा रहेको छ।स्थानीय तह संचितकोष व्यवस्थापन प्रणाली (SuTRA)अनुसार पालिकाले तयार गरेको एकीकृत वित्तीय विवरण (म.ले.प.फाराम नं.२७०) मा पालिकाले संघीय सरकारवाट अनुदान प्राप्त गरी कार्यान्वियन गरेको सामाजिक सुरक्षा तथा संरक्षण र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम वापतको रु.१७,६१,२४,४००.०० खर्च समावेश भई प्रतिवेदन नभएको र राजस्व मोडेलमा सम्पत्ति तथा राजस्वको बक्यौता अवस्था र राजस्वसँग सम्बन्धित टिप्पणीहरु अद्यावधिक रुपमा समावेश गरेको देखिँदैन। उल्लिखित अवस्थाले पालिकाले तयार गरेको एकीकृत वित्तीय विवरण (म.ले.प.फाराम नं. २७०) ले पालिकाको समग्र आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गरेको देखिँदैन। पालिकामा भएको सबै आर्थिक कारोबार स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA)मा लेखाङ्कन भई प्रतिवेदन हुने व्यवस्था हुनु पर्दछ।

	बजेट शीर्षक	संघ।प्रदेश बजेट विनियोजित रकम	खर्च रकम
१	सामाजिक सुरक्षा तथा संरक्षण	१७३२८९४००	१७१७८१७०२.९४
२	स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	२८३५०००	३५९५०००
जम्मा		**१७६१२४४००**	**१७५३७६७०२.९४**

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ दीर्घकालीन योजना, नीति तथा कार्यक्रम र बजेट

पालिकाको दिर्घकालीन योजना, नीति तथा कार्यक्रम, मध्यमकालीनखर्च संरचना र वार्षिक बजेट तथा योजना कार्यान्वयन अवस्था निम्नानुसार रहेको छः

३.१ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२)मा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिई सोही ऐनको दफा २४(१) अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासको लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले "समुन्नत कञ्चन, खुसी कञ्चनवासी" नारा सहित आर्थिक वर्ष २०८०।८१ देखी २०८४।८५ सम्मका लागु हुने गरी आवधिक गाउँ विकास योजना निर्माण गरी कार्यान्वयनमा रहेको देखियो। पालिकाले उक्त आवधिक योजनाको वार्षिक लक्ष्य र सोको प्राप्ति अवस्था मुल्याङ्कन गरेको देखिँदैन। पालिकाले कार्यान्वयनमा रहेको आवधिक योजनामा उल्लिखित योजनाको कार्यान्वयन अवस्था र लक्ष्य प्रगति सम्बन्धमा वार्षिक मुल्याङ्कन गरी प्रतिवेदन तयार गर्नु पर्दछ।

३.२ बार्षिक नीति तथा कार्यक्रम र बजेट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले गत आर्थिक वर्षको राजस्व र व्ययको यथार्थ विवरण, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आम्दानी र खर्चको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय र व्ययको अनुमान सहित आगामी आर्थिक वर्षको बजेट कार्यपालिकाबाट स्वीकृत गराई असार १० भित्र सभामा पेश गरी असारमसान्त सम्म पारित गरिसक्नु पर्ने व्यवस्था रहेको छ। साथै सोही ऐनको दफा ७३ मा बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ को आय र व्ययको प्रक्षेपण सहित रु. ५८,३७,२३,२८०.०० को बजेट तथा कार्यक्रम २०८१।३।१३ गते सभाबाट स्वीकृत गरी २०८१।३।१६ मा प्रमुख प्रशासकिय अधिकृतलाई खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

क्र.सं.	कार्यान्वयन नभएका योजना	बजेट रु.
१.	हरैया बहुमुखी क्याम्पसमा पुर्वाधार व्यवस्थापन	३००००००
२.	कम्प्युटरलगाएत मेशिनरी औजार मर्मत	१०००००
३.	सामाजिकसुचना व्यवस्थापन प्रणाली सम्बन्धी पोर्टल संचालनका लागि आवश्यक तालिम तथाअपाङ्गता परिचयपत्र प्रिन्ट गर्ने मेशिन लगाएतका आवश्यक सामग्री खरिद	५०००००
४.	विद्यालयकालागि पंखा खरिद तथा व्यवस्थापन आवश्यकताअनुसार	३०००००
५.	पशुपंक्षीतथा मत्स्यपालक कृषकहरुका लागि मागमा आधारित यान्त्रिकरण औजारमा ५० प्रतिशतअनुदान कार्यक्रम	५०००००
६.	कम्प्युटरलगाएत मेशिनरी औजार मर्मत	२०००००
७.	वातावरणमैत्री स्थानीय शासन कार्यढाँचा	२५००००
८.	सफ्टवेयरजडान आवश्यकता अनुसार	५०००००
९.	वडानं २ का विभिन्न सडकहरु मर्मत संभार	२०००००
१०.	संघियसरकार समपुरक अनुदान लागत सहभागिता (लौसा देखि कुचेरा चोक दानापुर हुँदैफायरलाईनसम्म जोड्ने सडक निर्माण)	१२२००००
११.	बेलडाँडामेनरोड देखि मणिचोक जाने सडकको नालि निर्माण	५०००००
१२.	लागतसाझेदारीमा विपन्न परिवारलाई खानेपानी धारा जडान	२०००००
१३.	थारुसंग्रालय निर्माण	५०००००
१४.	झोलुङ्गेपुलेदेखि मसिना गाउँसम्मको सडक स्तरोन्नती	५००००
१५.	शान्तिपथअधुरो सडक हेभि ग्राभेल	१०००००
१६.	आदर्शमहिला समुहको भवनको बाल तथा झ्याल ढोका निर्माण	२५००००
१७.	वडाकाविभिन्न सडक पोलहरुमा लाईट जडान	५००००
१८.	स्थानीयकोसाझेदारीमा विद्यालय भवन निर्माण अनुदान	९०००००
१९.	स्थानीयकोसाझेदारीमा विद्यालय भवन निर्माण अनुदान	७०००००
२०.	बाल उद्यान निर्माण कञ्चन गाउपालिका रुपन्देही	१०००००
	जम्मा	**१०१२००००**

३.३ मध्यमकालिन खर्च संरचना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिक विषयक्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नुपर्ने व्यवस्था रहेको छ। त्यसैगरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण

तयार गर्नुपर्ने व्यवस्था रहेको र दफा १७ मा यस्तो विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले आर्थिक वर्ष २०७९।०८० देखि २०८१।०८२ को लागि मध्यमकालिन खर्च संरचना निर्माण गरी कार्यान्वियन गरेको देखियो। उक्त मध्यमकालिन खर्च संरचना अनुरुप तीन आर्थिक वर्षका लागि अनुमानित आय र व्यय रु.१ अर्ब ७३ करोड २३ लाख ४४ हजार तथा अन्तिम आर्थिक वर्ष २०८१।०८२ का लागि रु.६१,४७,०३,०००.०० बजेट प्रक्षेपण गरेको छ। पालिकाले आर्थिक वर्ष २०८१।०८२ का मध्यमकालिन खर्च संरचनाको अनुमानित बजेट भन्दा ५ प्रतिशतले कम भई रु.५८,३७,२३,२८०.०० को बजेट स्वीकृत भएको देखिन्छ।सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउन, विकास योजनाको लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन समग्र पालिकाको अपेक्षित उपलब्धि हासिल हुने गरी मध्यमकालीनखर्च संरचना तयार हुनु पर्दछ।

३.४ योजना कार्यान्वियन अवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रको विषयमा स्थानिय स्तरको विकासका लागि मध्यकालीन तथा दीर्घकालिन योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। त्यस्तै स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची-३मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकताका आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०८१।८२ मा पालिकाले वार्षिक रुपमा योजना निर्धारण गरी उपभोक्ता समितिबाट न्यूनतम रु.५० हजार देखि अधिकतम रु.१० लाख सम्मका जम्मा १५०, सिलबन्दी दरभाउपत्र ९ वटा र खुला बोलपत्र आह्वान गरी ११ वटा समेत १७० योजना कार्यान्वियन गरेको छ।

						रु. हजारमा
उपभोक्ता समिति तर्फ					**सिलबन्दी दरभाउपत्र**	**खुला बोलपत्र**
विवरण	**रु.१ लाख देखि २ लाखसम्म**	**रु.२ लाखदेखि ५ लाखसम्म**	**रु.५ लाख देखि १० लाखसम्मका**	**जम्मा**		
योजना संख्या	६८	७०	१२	१५०	९	११
खर्च रु.	१२०१४	२५१६३	८३१५	४५४९२	११९१२	१०६५७५

उल्लिखित विवरण अनुसार पालिकाले स-साना प्रकृतिका योजनाहरु छनौट तथा सञ्चालन गरेको देखिन्छ। योजना छनौट गर्दा दीर्घकालीन प्रतिफल दिने योजनालाई प्राथमिकता दिँदै सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ।

४ वार्षिक योजना तथा बजेट प्राथमिकता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(३) अनुसार आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय सहभागिता जुट्ने, स्वयम् सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने, दीगो विकास,

वातावरणीय संरक्षण तथा संवर्धन गर्न सघाउ पुर्‍याउने, भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने लगायतका स्थानीय तहका आवश्यकताका आधारमा स्थानीय तहले वार्षिक योजना तथा बजेट तर्जुमा गर्नु पर्दछ। पालिकाले रु.५७ करोड ४७ लाख बजेट मध्ये आर्थिक विकासमा ४ प्रतिशत, सामाजिक विकासमा १९ प्रतिशत, पूर्वाधार विकासमा ५३ प्रतिशत, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा ४ प्रतिशत र बाँकी २०प्रतिशत कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चमा विनियोजन गरेकोमा औसत ८४ प्रतिशत खर्च भएको देखियो। पालिकाले पूर्वाधार विकासमा सबैभन्दा बढी बजेट ५३ प्रतिशत बजेट विनियोजन गरेकोमा सोको ८५.५८ प्रतिशत खर्च भएको देखिन्छ। पालिकाले सन्तुलित बजेट तथा कार्यक्रम निर्माण गरी बजेटको सोको पूर्ण रुपले कार्यान्वयन कार्यान्वयन गर्नु पर्दछ।

क्र.सं.	क्षेत्र/ उप क्षेत्र	विनियोजन	क्षेत्रगत बजेट प्रतिशत	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	२२६८४६७०	४	१७४४६७९५	७६.९१
२	सामाजिक विकास	१०८८४२३६०	१९	९८४१७९९०	९०.४२
३	पूर्वाधार विकास	३०५३२०२५०	५३	२६१२८८६७३.५	८५.५८
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	२१४७००००	४	१५६०६२६४	७२.६९
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	११६४०६०००	२०	८७१०३५३५.६२	७४.८३
	कुल जम्मा	**५७४७२३२८०**	१००	**४७९८६३२५८**	८३.४९

५ त्रैमासिक खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण तयार गरी कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

क्र.स	बजेट उपशीर्षक	बजेट	कुल खर्च	त्रैमासिक खर्च				
				प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	आषाढ महिना
क	पुँजीगत खर्च	२१२२८९०३०	१७६६५५९८७	४३४९२२४	२३४११५५५	८५५८३७३८	६३३११४७०	४२५२९०६२
	जम्मा खर्च प्रतिशत		८३	२	१३	४८	३६	२४

आर्थिक वर्ष २०८१।०८२ मा पालिकाले पुँजीगततर्फ विनियोजित बजेट रु.२१,२२,८९,०३०.०० मध्ये रु. १७,६६,५५,९८७.०० अर्थात करिब ८३.२१ प्रतिशत खर्च भएको देखिएको छ। आर्थिक वर्षको पहिलो त्रैमासिकमा २ प्रतिशत रु.४३,४९,२२४.००, दोस्रो त्रैमासिकमा १३ प्रतिशत रु.२,३४,११,५५५.००, तेस्रो त्रैमासिकमा ४८ प्रतिशत रु.८,५५,८३,७३८.०० र चौथो त्रैमासिकमा ३६ प्रतिशत रु.६,३३,११,४७०.०० खर्च भएको देखिएको छ। त्यस्तै आषाढ महिनामा कुल खर्चको २४ प्रतिशत रु.४,२५,२९,०६२.०० खर्च भएको छ। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्च सन्तुलित हुने गरी कार्यक्रम निर्धारण र कार्यान्वयन गरिनुपर्दछ ।

६ खर्च बिश्लेषण

आर्थिक वर्ष २०८१।०८२ मा पालिकाको प्रस्तावित आय अनुमान रु.५८,३७,२३,२८०.०० रहेकोमा आन्तरिक आयबाट रु.९,९६,४४,६८९.९० राजस्व बाँडफाँटबाट रु.८,८५,३८,३३६.१७ संघीय सरकारबाट रु.३३,००,१२,७५७.५२ र प्रदेश सरकारबाट रु.२,११,५२,९६९.००समेत रु.५३,९३,४८,७५२.५९ प्राप्त भई चालु तर्फ ५७ प्रतिशत रु. ३०,७७,०२,३५७.१ र पुँजीगत तर्फ ३३ प्रतिशत रु.१७,६६,५५,९८७.०० खर्च भएको छ। पालिकामा चालु खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १८.४८ प्रतिशत रहेको छ। पालिकाले प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्दै प्राप्त गरेको अनुदान, आन्तरिक आम्दानी तथा राजस्व बाँडफाँटको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन हुने गरी बजेट तथा खर्च व्यवस्थापन गर्नुपर्दछ।

प्राप्ति	रकम रु.	स्रोत प्रतिशत	भुक्तानी	रकम रु.	खर्च प्रतिशत
क.आन्तरिक आय	९९६४४६८९.९	१८.४८	क. चालु खर्च	३०७७०२३५७.१	५७.०५
ख. संघीय सरकार	३३००१२७५७.५२	६१.१९	ख. पुँजीगत खर्च	१७६६५५९८७.	३२.७५
ग. प्रदेश सरकार	२११५२९६९	३.९२	ग. अनुदान फिर्ता	**२६३३६९१२.४८**	४.८८
घ. राजस्व बाँडफाँट	८८५३८३३६.१७	१६.४२	घ. धरौटी फिर्ता तथा सदर स्याहा	२४५९९८२	०.४६
			ङ. बाँकी बचत (यस वर्षबाट)	२६१९३५१४.०१	४.८६
जम्मा	**५३९३४८७५३**	१००	**जम्मा**	**५३९३४८७५३**	१००

७ आन्तरिक नियन्त्रण प्रणाली

पालिकाबाट सम्पादन गरिने कार्य मितव्ययि, प्रभावकारी, नियमित र कार्यदक्षता पूर्बक सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि, २०८० तयार गरी लागु गरेको छ। लेखापरीक्षणको क्रममा आन्तरिक नियन्त्रण प्रणालीमा देखिएका कैफियत व्यहोरा निम्नानुसार रहेका छन्।

• पालिकाले पुँजीगत खर्चको कार्यान्वयन गर्दा नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, ग्रावेल तथा बालुवा प्रयोग हुने वडा कार्यालय भवन, विद्यालय भवन तथा सडक निर्माण गरेकोमा पालिकाको क्षेत्रमा भएका नदी तथा खोलामा उपलब्ध हुने निर्माण सामाग्री प्रयोग भए वा नभएको सम्वन्धमा नियन्त्रण गर्ने व्यवस्था तय गरेको देखिएन,
• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स बमोजिम तयार गर्नु पर्ने उल्लेख रहेकोमा कार्यपालिकाबाट सडक, भवन लगायत भौतिक निर्माण कार्यको लागि एकरुपता र मितव्ययी हुने नर्म्स स्वीकृति गरी प्रयोग गरेको देखिएन,
• सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा सो अनुसार एकिकृत रुपमा खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको देखिएन,
• उपभोक्ता समिति मार्फत सम्पादन भएको कार्यको परिमाण तथा लागतसँग उपभोक्ताले खरिद गरेको सामानको बिल भरपाई भिडान हुने गरी अभिलेखाङ्कन गरेको देखिएन,
• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्टाफ खर्चमा २ प्रतिशत र सानातिना अन्य खर्चमा २ प्रतिशत समावेश गरी तयार गर्नु पर्ने व्यवस्था रहेकोमा ठेक्का अनुसारको कन्टिन्जेन्सी खाता नराखेकोले उल्लिखित अनुसार खर्च भएको पुष्ट्याई हुने देखिएन,
• आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश स्वास्थ्य सँस्था तथा मातहतमा सञ्चालन भएको एम्बुलेन्सको आय तथा खर्च सुत्रमा समावेश नभएको, सुचना प्रकाशन लगायतको खर्च मितव्ययी नभएको लगायत सुझाव कार्यान्वयन गरेको छैन,
• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसारका अधिकारको कार्यान्वयन गर्न आफ्नो क्षेत्राधिकार भित्रको (स्थानीय, ग्रामीण, कृषि सडक र सिँचाई, खानेपानी, साना जलविद्युत, वैकल्पिक उर्जा, जलाधार, भूमि वर्गिकरण लगायत) आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेखाङ्कन र व्यवस्थापन गरेको देखिएन,
पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन उल्लिखित व्यहोरा सुधार हुने गरी आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन हुनु पर्दछ।

८ कानुन निर्माण तथा न्याय सम्पादन अवस्था

न्यायिक कार्य सम्बन्धी व्यवस्थाको कार्यान्वयन र कानुन निर्माण अवस्था निम्नानुसार रहेको छ।

८.१ कानुन निर्माण अवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा १०२ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार कानुन निर्माण गरी कार्यान्यनमा रहेकाछन्।

क्र.सं.	कानून निर्माण
१	कञ्चन गाउँपालिकाको उपभोक्ता समिति दर्ता सम्वन्धी कार्यविधि, २०८१
२	कञ्चन गाउँपालिकाको माटो तथा नदीजन्य पदार्थ उत्खनन् ओसार-प्रसार, बिक्री सम्बन्धी कार्यविधि, २०८१
३	कञ्चन गाउँपालिकाको नदी तथा अन्य सार्वजनिक क्षेत्रको सरसफाई सम्बन्धी कार्यविधि, २०८१
४	कञ्चन गाउँपालिकाको वातावरणमैत्री शासन निर्देशिका, २०८१
५	कञ्चन गाउँपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धी ऐन, २०७९ को पहिलो संशोधन, २०८१
६	कञ्चन गाउँपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ को पहिलो संशोधन, २०८१
७	सैनामैना प्राकृतिक चिकित्सालय सञ्चालन सहयोग सम्बन्धी कार्यविधि,२०८१ को पहिलो संशोधन
८	कञ्चन गाउँपालिकाको भवन निर्माण सम्बन्धी मापदण्ड, २०८१
९	कञ्चन गाउँपालिकाको मातृ तथा नवशिशु आकस्मिक कोष सञ्चालन कार्यविधि, २०८२
१०	कञ्चन गाउँपालिकाको अनुदान शिक्षक व्यवस्थापन कार्यविधि, २०८२

८.२ न्याय सम्पादन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ८ न्यायिक कार्य सम्बन्धी व्यवस्थाको दफा ४६ देखि ५३ ले न्यायिक समितिबाट अधिकार क्षेत्र भित्रका विवादको निरुपण मूलतः निर्णय र मेलमिलापको माध्यमबाट हुने उल्लेख गरेको छ। पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ को अन्त्यमा २ उजुरी फस्यौंट हुन बाँकी रहेकोमा आर्थिक वर्ष २०८१।८२ मा ४५ उजुरी परेको र ३५ उजुरी फस्यौंट भई १२ उजुरी बाँकी रहेको देखियो। पालिकाले प्राप्त उजुरी तथा विवाद ऐन अनुसार समयमै फस्यौंट गर्नु पर्दछ।

क्र.स.	उजुरीको प्रकार	गत आ.व.मा फस्यौंट गर्न बाँकी	यो आ.व मा थप	यो आ.व.मा फस्यौंट	फस्यौंट बाँकी
१	कुलो, बाँध, पैनी, बाटोघाटो आदि विवादसँग सम्बन्धि	-	५	४	१
२	लेनदेन सम्बन्धी		९	७	२
३	जग्गा सम्बन्धी विवाद	२	१९	१६	५
४	घरायसी/ दम्पति विवाद	-	१२	८	४
जम्मा		२	४५	३५	१२

९ लेखा समितिको गठन अवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार सभाले आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न नियमावली निर्माण गरी कुनै सदस्यको संयोजकत्वमा लेखा समिति, विधायन समिति, सुशासन समिति लगायत आवश्यकता अनुसार अन्य समिति र विशेष समिति गठन गर्ने सक्ने उल्लेख छ। त्यस्तै लुम्बिनी प्रदेशबाट जारी भएको गाउँसभा/नगरसभाको (कार्य सञ्चालन) कार्यविधि ऐन, २०७६ को दफा ६७ अनुसार स्थानीय सरकारलाई सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, स्थानीय सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन

र मूल्याङ्कन गरी स्थानीय तहको सार्वजनिक लेखा, वित्त र तत्सम्बन्धी निर्देशन वा राय सल्लाह समेत दिनका लागि लेखा समिति रहने उल्लेख छ। पालिकाको २०८०।०३।०७ मा बसेको १४ औं गाउँसभाको निर्णयानुसार कार्यपालिका सदस्य श्री हरि नारायण थारुको संयोजकत्वमा निम्नानुसार लेखा समिति गठन भएको देखियो। स्थानीय सरकारको कार्यकारी संरचना `कार्यपालिकाको सदस्यको संयोजकत्वमा लेखा समितिको गठन भएको अवस्थाले स्थानीय सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी पारदर्शी र निश्पक्ष रुपमा सार्वजनिक लेखा, वित्त र तत्सम्बन्धी निर्देशन वा राय सल्लाह उपलव्ध नहुन सक्ने देखिन्छ। ऐनमा व्यवस्था भए अनुसार सभाप्रति उत्तरदायी र जवाफदेही बनाउन, स्थानीय सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी पारदर्शी र निश्पक्ष रुपमा सार्वजनिक लेखा, वित्त र तत्सम्बन्धी निर्देशन वा राय सल्लाह उपलव्धि हुने गरी सभाको सदस्यको संयोजकत्वमा लेखा समितिको गठन हुनु पर्दछ।

क्र.सं.	सदस्यको नाम र पद	सभा वा कार्यपालिका सदस्य
१	संयोजक श्री हरि नारायण थारु	कार्यपालिका सदस्य
२	सदस्य श्री दिपक अधिकारी	सभा सदस्य
३	सदस्य श्री तुल बहादुर गरूङ	सभा सदस्य

१० **कर्मचारी कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्वन्धी कानून बमोजिम अवकाश हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार लगायतका सुविधा उपलव्ध गराउनको लगि कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत र सो रकम बराबरले हुन आउने रकम पालिकाले थप हुने गरी अवकाश कोषको स्थापना गर्नु पर्ने व्यवस्था छ। पालिकाले उक्त कोष संचालन सम्बन्धी कानुनी व्यवस्था निर्धारण गरेको देखिदैन। पालिकाको कर्मचारी कल्याण कोषमा आर्थिक वर्षको सुरुवातमा रु.३,७१,१५४.०० मौज्दात रहेकोमा यो वर्ष रु. ४२,१६६.०० खर्च भई रु.३,२८,९८८.०० देखिएको छ। ऐनको उद्देश्य अनुसार कोषको परिचालन हुने गरी कार्यविधि तयार गरी कोषको परिचालन हुनु पर्दछ।

विवरण	रकम रु.
यस वर्षको सुरु मौज्दात	३,७१,१५४.००
यस वर्षको खर्च	४२,१६६.००
यस वर्षको अन्तिम मौज्दात	३,२८,९८८.००

११ **सिपमूलक तालिम**

पालिकाले आर्थिक वर्ष २०७७।७८ देखि २०८१।८२ सम्म ३५९ जना निम्नुसार सिप विकास सम्बन्धि तालिमहरु सञ्चालन गरी कुल रु. ३१,०५,९२३.०० खर्च गरेको छ। पालिकाबाट सञ्चालन भएका सिपमुलक तालिमबाट लाभग्राहीले दिर्घकालिन उपलब्धी हासिल गरेको सम्बन्धमा अनुगमन तथा मुल्याङ्कन गरेको देखिदैन। पालिकाबाट सञ्चालन भएका सिपमुलक तालिमबाट लाभग्राहीले दिर्घकालिन उपलब्धी हासिल गरेको सुनिश्चितता सहित कार्यक्रम निर्धारण हुनु पर्दछ।

क्र.सं.	तालिमको नाम	वडा नं.	तालिम अवधि	सहभागि संख्या	आ.व.	रकम
१	आधारभूत डल कुशन	३ र ४	२० दिने	१६ जना	०७७/७८	१८००००
२	आधारभूत ढाका तथा मखमलको चप्पल	३ र४	१५ दिन	१९ जना	०७८/७९	१४१५४७
३	आधारभुत सिलाईकटाई	३ र ४	१ महिने	१८ जना	०७८/७९	१७१३५०
४	आधारभुत डल कुशन	५	१५ दिने	२१ जना	०७८/७९	१५१०००
५	आधारभूत ईलेक्ट्रिकल तथा वाईरिङ	५	२० दिन	१४ जना	०७८/७९	१३९०००
६	आधारभूत बुटिक	५	१ महिने	२२ जना	०७८/७९	१७५०००
७	आधारभूत ढाका तथा मखमलको चप्पल	२	१५ दिन	१५ जना	०७८/७९	११९४००
८	आधारभूत सरफ	२	५ दिन	१३ जना	०७८/७९	१३१०००
९	एड्भान्स डल कुशन	४ र ५	७ दिन	२० जना	०७९/८०	१३२४३९
१०	एड्भान्स बुटिक	५	२० दिन	१२ जना	०७९/८०	१२७८३९
११	एड्भान्स सिलाईकटाई	३ र ४	२० दिन	८ जना	०७९/८०	१२३७८७
१२	आधारभूत पोस्कर तथा थाक्कलको टोपी र व्याग	१ र २	१ महिना	४८ जना	०७९/८०	४०००००
१३	आधारभूत व्यूटीपार्लर	१ र २	३ महिना	३७ जना	०७९/८०	३७३८७१
१४	आधारभूत पेपरको कप तथा प्लेट	३, ४ र ५	३ दिन	३० जना	०८०/८१	१३५०००
१५	एड्भान्स व्यूटीपार्लर	१ र २	४५ दिन	२१ जना	०८०/८१	१९६९०४
१६	आधारभूत व्यूटीपार्लर	३,४ र ५	३ महिने	३० जना	०८१/८२	३०५७३६
१७	एड्भान्स पेपरको कप तथा प्लेट	३,४ र ५	३ दिने	१५ जना	०८१/८२	१०२०५०
	जम्मा			**३५९ जना**		**३१,०५,९२३**

१२ **कृषक अनुदान**

पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निशुल्क तथा ५० प्रतिशत अनुदानमा कृषि सम्बन्धी बिउ, विषादी लगायतका कृषि सामाग्री वितरण गरेको देखियो। पालिकाले दिगो उत्पादनमा आधारित हुने गरी कृषि, बाली प्रबर्द्धन लगायतका कार्यक्रममा पर्याप्त अध्ययन अनुसन्धान गरी कार्यक्रमहरु विकास गर्नु पर्दछ।

सि.नं.	कार्यक्रमको नाम	अनुदानको प्रकार	सम्झौता रकम	भुक्तानी रकम
१	पालिकाले सोचेको कृषकले रोजेको कृषक प्रोत्साहन ५० प्रतिशत अनुदान कार्यक्रम ।	५०%	७५००००	५६००००
२	हिउदे बालीमा लाग्ने रोगकिरा रोकथाम तथा नियन्त्रण कार्यक्रम	निःशुल्क	४०००००	३८४४५७
३	टी.पी.एस. आलु बिउ वितरण तथा कोल्ड स्टोरमा आलु बिउ भण्डारणमा ५०% अनुदान कार्यक्रम	५०%	७५०००	५७४६७
४	आलु तथा टमाटर बालीमा लाग्ने डढुवा नियन्त्रण कार्यक्रम	निःशुल्क	३०००००	२९३२९१
५	रोगकिरा रोकथाम तथा नियन्त्रणका लागि ५०% अनुदानमा बिषादी छर्ने स्प्रेयर वितरण	५०%	४०००००	७३३४००
६	कृषि समूह/ कृषि फर्मलाई हिउदे तरकारी बिउ वितरण	निःशुल्क	२०००००	१९४३५०
७	धान बालीको खैरा रोग नियन्त्रण कार्यक्रम	निःशुल्क	३५००००	३०१८७५
८	बर्षे बालीमा लाग्ने रोगकिरा रोकथाम तथा नियन्त्रण	निःशुल्क	३५००००	३४०६६८
९	च्याउको बिउ वितरण	५०%	४०००००	२०४७५०
		निःशुल्क		१३९०४५
१०	बाली संरक्षण तथा प्रविधि विस्तारका लागि चेतनामूलक पर्चा,लिफलेट,बुकलेट प्रकाशन	निःशुल्क	५००००	४९९६९
११	कृषि समूह/ कृषि फर्मलाई बर्षे तरकारीको बिउ वितरण	निःशुल्क	३३००००	३२६८६०
१२	धान र मकै बालीमा लाग्ने गवारो किराको नियन्त्रण	निःशुल्क	२५००००	२४५२९५
१३	५०% अनुदानमा गहुँको बिउ वितरण	५०%	१५०००००	२४६५०००
१४	५०% अनुदानमा मकैको बिउ वितरण	५०%	२५०००	३९२०००
१५	तरकारी तथा खाद्यान्न बालीको लागि सुक्ष्मखाद्य तत्व भिटामिन वितरण	निःशुल्क	९५०००	९४७५०
१६	रासायनिक मल तथा विषादीको बिकल्पमा अर्गानिक मल एवं जैविक जैविक बिषादी वितरण कार्यक्रम	निःशुल्क	९००००	७५०००
१७	किसान घरदैलो तथा मागमा आधारित कार्यक्रम	५०%	७५०००	६८५३०
१८	सिंचाई सम्बन्धी यन्त्रउपकरण वाटर पम्प ५०%अनुदानमा वितरण कार्यक्रम	५०%	४९००००	९४८१६०
१९	मकै बालीमा लाग्ने गवारो किराको रोकथाम तथा नियन्त्रण कार्यक्रम	निःशुल्क	२५००००	२४६७९९

१३ **पशु सेवा तर्फ अनुदान कार्यक्रम**

पालिकाले पशु सेवा तर्फ निम्नानुसार अनुदान कार्यक्रम कार्यान्वयन गरेको देखियो। यस वर्ष ५५१ वटा गाईभैंसीलाई सुत्केरी स्याहार तथा पोषण सुधार प्रोत्साहन रकम उपलब्ध गराएको, ३७,८१६ वटा पशुपंक्षीमा खोप कार्यक्रम सञ्चालन लगायत कार्यक्रम सञ्चालन गरेको देखियो। पशु सेवासँग सम्बन्धित अनुदान उत्पादनमा आधारित भई उत्पादकत्व समेत वृद्धि भएको हुनु पर्दछ।

सि.नं.	स्रोत	कार्यक्रमको नाम	लाभान्वित	बजेट	खर्च
१	पालिका	गाईभैंसीलाई सुत्केरी स्याहार तथा पोषण सुधारमा प्रोत्साहन कार्यक्रम	५५१	३००००००	२२०४०००
२	पालिका	पशुपंक्षीहरुमा खोप कार्यक्रम	३७८१६	७०००००	५९५९९०
३	सशर्त	कृत्रिम गर्भाधान मिसन कार्यक्रम	१५२६	१८००००	१७६५९२
४	पालिका	उत्पादनमा आधारित हिउँदे तथा बर्षे घाँस खेतिमा अनदुान कार्यक्रम		८०००००	५३६८००
५	पालिका	आन्तरिक तथा बाह्य परजिवि नियन्त्रणका लागी औषधी खरिद बितरण कार्यक्रम		४५००००	४४५३४०
६	पालिका	पशुपंक्षी तथा मत्स्य रोगमा अत्यावश्यक रुपमा प्रयोग हुने औषधी खरिद तथा निशुल्क बितरण कार्यक्रम		४५००००	४४१०८७

१४ **उपभोक्ता समितिको कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) अनुसार निर्माण कार्य सम्पन्न भए पश्चात सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी तोकि आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई नै हस्तान्तरण गर्ने गरी सोही नियमावलीको नियम ९७(१) अनुसार एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिवाट गराउन सकिने, बीस लाख रुपैयाँसम्म लागत अनुमान भएमा सिलबन्दी दरभाउपत्र र बीसलाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएमा नियम ३१ अनुसार खुल्ला बोलपत्रको माध्यमद्वारा खरिद गर्नु पर्ने व्यवस्था छ। पालिकाबाट उपभोक्ता समिति मार्फत निम्नानुसार रु. २ लाख भन्दा कमका ६८, रु. २ लाख देखि ५ लाखसम्मका ७० र रु. ५ लाख देखि १० लाखसम्मका १३ समेत १५० योजना कार्यान्वयन गरी रु.४,५४,९२,५६०.०० खर्च भएको विवरण पेश भएको छ। निर्माण कार्य सम्पन्न भए पश्चात सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी तोकि आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छ। पालिकाले उपभोक्ता समितिमार्फत कार्य गराउदा प्रसाशनिक रुपमा कार्यान्वयन सहजता हुने गरी निर्धारण र कार्यान्वयन गराउनु पर्दछ।

विवरण	रु.१ लाख देखि २ लाखसम्म	रु.२ लाखदेखि ५ लाखसम्म	रु.५ लाख देखि १० लाखसम्मका	रु.१० लाख देखि २० लाख सम्म	जम्मा
योजना सँख्या	६८	७०	१३	०	१५०
खर्च रु.	१२०१४२१९	२५१६३५३६	८३१४८०५	०	४५४९२५६०

१५ **औषधि खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ अनुसार खरिदको आवश्यकता, विवरण, परिमाण र क्षेत्र, खरिद योजना, लागत अनुमान, खरिद प्रकृया लगायत बेहोरा सहित खरिद कारबाहीको तयारी गर्नु पर्ने व्यवस्था रहेको छ। त्यस्तै औषधिजन्य मालसामान, एक्सरे, इसिजी, रोगको निदान तथा उपचारको लागि प्रयोग हुने स्वास्थ्य सम्बन्धी उपकरण खरिद गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) अनुसार २५ लाख रुपैयाँसम्म सोझै खरिद, नियम ८४(१क) अनुसार पचास लाख रुपैयाँसम्म सिलवन्दी दरभाउपत्र र सो भन्दा बढी भएमा नियम ३१ अनुसार बोलपत्र आह्वान गरी खरिद गर्न सकिने उल्लेख छ। पालिकाले आर्थिक वर्ष २०८१।०८२ मा वर्षभर आवश्यक हुने औषधि खरिदका लागि संघिय सशर्तबाट रु.११,६१,०००.०० र अन्तरसरकारी वित्तिय हस्तान्तरणबाट रु.२२,९६,१५७.०० गरी कुल रु.३४,५७,१५७.०० बजेट विनियोजन गरी रु.२२,९६,२१६.०० लागत अनुमान तयार गरी बोलपत्र खरिद विधि प्रयोग गरी निम्न विक्रेतासँग रु.११,०४,३६८.०० मा सम्झौता गरी औषधि खरिद गरेको अवस्था रहेको छ। पालिकाले वर्षभर आवश्यक औषधिको सही आँकलन गरी मितव्ययिता तथा प्रभावकारिता समेतलाई मध्यनजर गर्दै प्रतिस्पर्धात्मक विधिको प्रयोग सुनिश्चित हुने गरी खरिद कार्य गर्नुपर्दछ।

क्र.सं.	विवरण	औषधि प्रकार	बजेट तथा लागत रकम रु.	-	-	खरिद विधि
१	बजेट (संघिय सशर्त)		११६१०००	-	-	-
२	बजेट (अन्तरसरकारी राजस्व बाँडफाँट)		२२९६१५७	-	-	-
	जम्मा बजेट		३४५७१५७	-	-	-
३	**कार्यान्वयन**		**लागत अनुमान**	**सम्झौता रु.**	**खर्च रु.**	-
क	१२२।०८१।११।२१ औषधि- एवान फर्मा	५७	२२९६२१६	११०४३६८	११०४०००	बोलपत्र
	जम्मा				**११०४०००**	

१६ **आमा सुरक्षा कार्यक्रम**

आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका, २०७८ को बुदा नं. १६ अनुसार आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम सञ्चालन गर्ने स्वास्थ्य संस्थाले प्रदान गरेको आमा सुरक्षा कार्यक्रमको अनुसूची १५ र नवजात शिशु कार्यक्रमको अनुसूची १६ वमोजिमको चेकलिष्ट प्रयोग गरी सम्बन्धित तहले मासिक रुपमा अनिवार्य अनुगमन तथा सुपरीवेक्षण गर्नुपर्ने उल्लेख छ। पालिकाको २ स्वास्थ्य चौकीहरु गजेडी स्वास्थ्य चौकी र रुद्रपुर स्वास्थ्य चौकीमा सञ्चालित वर्थिङ्ग सेन्टरबाट पेश भएको आमा सुरक्षा इकाई मुल्य फाराम (अनुसूचि १०) बमोजिम १५७ जनाको सामान्य सुत्केरी गराएको विवरण अनुसार सुत्केरी यातायात खर्च प्रति व्यक्ति रु.१,०००.०० का दरले रु.१,५७,०००.००, प्रसुती गराए वापत संस्थागत शुल्क प्रति सुत्केरी रु.२,५००.०० का दरले जम्मा रु.३,९२,५००.०० र प्रोटोकल बमोजिम गर्भवती उत्प्रेरणा प्रोत्साहन प्राप्त गरेका १३६ जनालाई रु.८००.०० का दरले रु.१,०८,८००.०० समेत रु.६,५८,३००.०० सोधभर्ना भुक्तानी भएको देखियो। पालिकाले उल्लेखित खर्च मासिक रुपमा सोध भर्ना भुक्तानी गर्दा आमा सुरक्षा कार्यक्रम तर्फ अनुसूची १५ र नवजात शिशु कार्यक्रम तर्फ अनुसूची १६ वमोजिमको चेकलिष्ट प्रयोग गरी अनुगमन तथा सुपरीवेक्षण गरेको प्रमाण समावेश गरेको देखिएन। पालिकाले उल्लिखित खर्च भुक्तानी गर्दा निर्देशिका अनुसार आमा सुरक्षा कार्यक्रमको अनुसूची १५ वमोजिमको चेकलिष्ट प्रयोग गरी मासिक रुपमा अनिवार्य अनुगमन तथा सुपरीवेक्षण भएको प्रमाण समावेश गर्नु पर्दछ।

१७ **राजस्व अनुमान तथा प्राप्ति अवस्था**

पालिकाको निम्नानुसार शीर्षकमा आर्थिक वर्ष २०७९।८० मा रु.२,०६,४६,१४६.६३ र २०८०।८१ मा रु.४,००,४०,२४६.२५ आम्दानी प्राप्त गरेकोमा आर्थिक वर्ष २०८१।८२ को अनुमान रु.३,३४,६०,६७०.०० मध्ये ८१ प्रतिशत रु.२,७२,६८,०६८.१० प्राप्त गरेको देखिन्छ।

सि.नं.	प्राप्तीको स्रोत	२०७९।८० को आम्दानी	२०८०।८१ को आम्दानी	२०८१।०८२ को अनुमान	२०८१।०८२ को आम्दानी
१	सम्पती कर		१२२७५९०.८४	११०००००.	१७४३२४३.३
२	भुमिकर/ मालपोत		२५४२३८६.७८	१०००००००	२८१६९०४.
३	वहाल कर	३६१९९.२	८०२६९७.७२	१००००००.	१५९०६३७.७१
४	वहाल विटौरी कर		१५७३८५.	४५०००००.	८२३००.
५	सवारी साधन कर (साना सवारी)		७०००.	५०००.	०
६	अन्य मनोरञ्जन कर		३००००.	११००००.	४००००.
७	कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर			०	१३१३५०.
८	अन्य कर		१५२०२२५.	२५६०६७०.	७१९८२३५.५२
९	अन्य बिक्रीबाट प्राप्त रकम			०	१०००.
१०	विद्युत सेवा शुल्क		१५००.	२०००.	०
११	अन्य सेवा शुल्क तथा बिक्री		१२१३५०.	०	८६८५५०.
१२	शिक्षा क्षेत्रको आम्दानी		८२२००.	१०००००.	७१४००.
१३	यातायात क्षेत्रको आम्दानी		१३३२.	१५००.	०
१४	अन्य प्रशासनिक सेवा शुल्क		५१८००.	४००००.	८२६०३५.
१५	नक्सापास दस्तुर		१७६३४.१८	२५०००.	९९३११.७५
१६	सिफारिश दस्तुर		६२९१५६०.४४	६५०००००.	७७७५५१७.१८
१७	व्यक्तिगत घटना दर्ता दस्तुर		५८०२००.	८०००००.	५६५६००.
१८	नाता प्रमाणित दस्तुर		११४४३००.	१५०००००.	९३८७००.
१९	अन्य दस्तुर	२०६०९९४७.४३	२२२९८२८.६५	२५०००००.	२७०१४३.९८
२०	व्यावसाय रजिष्ट्रेशन दस्तुर		५७९९००.	६६०००.	१२५३६५.
२१	विद्युत सम्बन्धी दस्तुर		२००.००	५००.	०
२२	अन्य क्षेत्रको आय		८६३६९७६.	१५००००.	४८४५५५.
२३	प्रशासनिक दण्ड जरिवाना र जफत		२२४३३०५.	३०००००.	९५६००.
२४	धरौटी सदरस्याहा		१२०००.	०	९०००.
२५	अन्य राजस्व		९२६५६९०.६४	६०००००.	१९३५५२.६६
२६	व्यवसाय कर		१५९५५००.	१६०००००.	९४२०७५.
२७	बेरूजू		८९७६८४.	०	२७७९९२.
२८	निकासा फिर्ता			०	१२१०००.
	जम्मा	**२०६४६१४६.६३**	**४००४०२४६.२५**	**३३४६०६७०.**	**२७२६८०६८.१**

१७.१ आन्तरिक आम्दानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले सेवा प्रवाह शुल्क तथा दस्तुर, सम्पत्ति कर, भूमिकर/मालपोत, वहाल कर, वहाल विटौरी कर, माछा पोखरी आम्दानी, विज्ञापन कर, सवारी साधन कर (साना सवारी), गजेडी ताल, पशु हाट बजार, हरैया हाटवजार, जग्गा कर लगायत पालिकाको आर्थिक ऐन २०८१ मा समावेश आम्दानीका स्रोतबाट प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको, राजस्वको लेखा र दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा राखे नराखेको निरीक्षण गरी सोको अभिलेख अद्यावधिक गर्न लगाउनु पर्ने व्यवस्था छ। पालिकाको आर्थिक वर्ष २०८१।८२ को राजस्वको अनुमान रु. ३,३४,६०,६७०.०० मध्ये रु.२,७२,६८,०६८.१० प्राप्त गरेकोमा नियमावलीमा व्यवस्था भए अनुसार पालिकाले प्रदान गर्ने सेवा प्रवाहसँग भिडान गरी सो अनुसार राजस्व प्राप्त भई समयमा दाखिला भएको सुनिश्चित हुने गरी मासिक रुपमा निरीक्षण गरेको देखिँदैन। पालिकाले आन्तरिक आम्दानीको प्रक्षेपण वस्तुपरक रुपमा यथार्थपरक हुने गरी निर्धारण गर्ने, नियममा भएको व्यवस्थाको पालना हुने गरी कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको, राजस्वको लेखा र दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र

नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सो को अभिलेख अद्यावधिक गर्न गराउनु पर्दछ।

१७.२ पूर्वाधार विकास सेवा शुल्क

कञ्चन गाउँपालिकाको आर्थिक ऐन, २०८१ को दफा ११ सँग सम्बन्धित अनुसुची-८ अनुसार बेदर्ता जग्गाको निस्साको आधारमा पालिकाले पूर्वाधार विकास सेवा शुल्क निम्नानुसार निर्धारण गरेको देखियो। पालिकामा करिव १२४०० जनाले निस्ता प्राप्त गरेकोमा आर्थिक ऐन अनुसार प्राप्त हुनु पर्ने पूर्वाधार विकास सेवा शुल्क निर्धारण गरी प्राप्त गरेको अभिलेख व्यवस्थापन गरेको देखिएन। पालिकाले क्षेत्राधिकार भित्र वितरण भएका निस्साको आधारमा आर्थिक ऐन अनुसार पूर्वाधार विकास सेवा शुल्क प्राप्त गर्नु पर्दछ।

क्र.सं.	विवरण	सेवा शुल्क रु.
१	२ कठ्ठासम्म	५०
२	२ देखि ५ कठ्ठासम्म	१००
३	५ देखि १० कठ्ठासम्म	२५०
४	१० कठ्ठा देखि माथी प्रति कठ्ठा थप	२५

१७.३ सेवा प्रवाह दस्तुर

कञ्चन गाउँपालिकाको आर्थिक ऐन, २०८१ मा सिफारिसको प्रकार अनुसार दस्तुर शुल्क लाग्ने व्यवस्था रहेको छ। लेखापरीक्षणको क्रममा छनौट गरिएको निम्नानुसार वडाको २०८१।८२ को चलानी किताब परीक्षण गर्दा सिफारिस दस्तुर लाग्ने गरी चलानी भएको सवै सेवाको शुल्क तथा दस्तुर प्राप्त गरेको देखिदैन। सेवा शुल्क तथा दस्तुर लाग्ने सेवा प्रवाह गर्दा राजस्वको भौचर जारी गरी सेवा प्रवाह भए नभएको सम्बन्धमा पालिकाले छानविन गरी एकिन गर्नु पर्दछ।

वडा नं	चलानी किताब सङ्ख्या	सुत्रमा समावेश सङ्ख्या	फरक परेको सङ्ख्या
४	९९	७६	२३
५	१९२	१८८	४
१	२१५	२०७	८

१७.४ नदिजन्य पदार्थ उत्खनन, संकलन र नियन्त्रण

पालिकाले गोश्वारा गोश्वारा भौचर नं. १९२।०८१।१२।२९ बाट सम्झौता अनुसार लुम्बिनी सामाजिक विकास केन्द्र, सन्धिखर्कलाई प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन प्राप्त गरी रु.३,३९,०००.०० भुक्तानी गरेको देखियो। प्रतिवेदन अनुसार पालिकाको आर्थिक ऐन, २०८१ अनुसार ६ वटा उत्खन्न स्थलबाट न्यूनतम दर बालुवा प्रति घनफिट रु.८ र भस्कट रु.४ को दरले ७१०३७८.६० घनफिट नदिजन्य पदार्थको मूल्य अभिवृद्धि कर बाहेक रु.२१,६६,८०९.०० प्राप्ती हुने अनुमान गरेको दखियो। कार्यपालिकाको २०८१।१२।२१ को निर्णय अनुसार तयार भएको प्रारम्भिक बातावरणीय अध्ययन प्रतिवेदन (IEE)अनुसारको परिमाण उत्खनन् तथा विक्री वितरणको लागि प्रचलित कानुन बमोजिम प्रकृया अघि बढाउने निर्णय गरेकोमा आय ठेक्का व्यवस्थापन भएको देखिदैन। समयमा अध्ययन गराई प्रतिवेदनमा समावेश परिमाणको नदिजन्य पदार्थको उत्खनन् तथा विक्री वितरण गरी आम्दानी प्राप्त गर्नु पर्दछ।

१८ एसईई नतिजा

पालिका अन्तर्गतको विद्यालयको शिक्षाको गुणस्तर अभिवृद्धि गर्न विषयगत शिक्षक तथा कर्मचारीको तलव भत्ता, दिवा खाजा, पाठ्यपुस्तक, छात्रवृत्ति, नमुना विद्यालय तथा भौतिक सुविधा लगायतमा विभिन्न अनुदान उपलव्ध

गराउदैं आएको छ। सो अनुरुप कक्षा ८ र १० को परीक्षालाई गुणस्तर मापनको सूचकका रुपमा लिइने हुदाँ आर्थिक वर्ष २०८१।०८२ मा पालिकाबाट सञ्चालित कक्षा ८ र एसईई परीक्षाको नतिजा निम्न बमोजिमको रहेको देखिन्छ।

शिक्षा तर्फ	**शिक्षा तर्फ**	**शिक्षा तर्फ**			**शिक्षा तर्फ**		
		परीक्षामा सहभागी	**उत्तीर्ण**	**उत्तीर्ण प्रतिशत**	**परीक्षामा सहभागी**	**उत्तीर्ण**	**उत्तीर्ण प्रतिशत**
१.	हरैया मा. वि .	७८	६०	७६	१४४	११२	७८
२.	मलावरदेवि मा. वि.	६८	४१	६०	४८	३८	७९
३.	लुम्विनि ज्ञाननिकेतन मा.वि.	६७	५४	८१	११५	९०	७८
४.	भैसाही मा. वि.	२१	१५	७१	२६	१	४
५.	रुद्रपुर मा. वि.	८०	५६	७०	७१	३७	५२
६.	सरस्वती मा. वि.	३२	२७	८४	३९	२६	६७
७.	प्रगति मा. वि.	१२३	९७	७९	१३३	१२७	९५
८.	दुर्गा मा.वि.	३९	१९	४९	२८	२६	९३
९.	गजेडी मा. वि.	७१	४९	६९	४९	२२	४५
१०.	जनज्योती मा. वि.	३९	३१	७९	२८	२८	१००
	जम्मा/ औसत	**६१८**	**४४९**	**७३**	**६८१**	**५०७**	**७४**

पालिकाबाट प्राप्त विवरण अनुसार १० सामुदायिक माध्यमिक तहका विद्यालयका कक्षा ८ र कक्षा १० को परीक्षाको नतिजा विश्लेषण गर्दा कक्षा ८ मा सहभागी ६१८ विद्यार्थी मध्ये ४४९ जना अर्थात ७३ प्रतिशत र कक्षा १० को ६८१ जना विद्यार्थी सहभागी भई ५०७ जना अर्थात ७४ प्रतिशत विद्यार्थी उत्तीर्ण भएको देखिन्छ। माध्यामिक विद्यालय मध्ये जनज्योति मा.वि.मा कक्षा ८ को परीक्षामा ७९ प्रतिशत विद्यार्थी उत्तीर्ण हुदाँ एस.ई.ई. परीक्षामा सहभागी र उत्तिर्ण दुवै बराबर भई शत प्रतिशत नतिजा हासिल भएको देखिन्छ। त्यसतै नमुना विद्यालय प्रगति मा.वि. को कक्षा ८ मा ७९ प्रतिशत उत्तिर्ण र एस.ई.ई. परीक्षामा १३३ सहभागी मध्ये १२७ उत्तिर्ण भई ९५ प्रतिशत विद्यार्थी उत्तिर्ण भएको अवस्था छ। सबैभन्दा कम भैसाहि मा.वि, मा कक्षा ८ को परीक्षामा ७१ प्रतिशत उत्तिर्ण भएको अवस्थामा एस.ई.ई. ४ प्रतिशत मात्र उत्तिर्ण भएको अवस्था छ। पचास प्रतिशत भन्दा कम उत्तिर्ण हुने २ विद्यालय भैसाहि मा.वि. र गजेडी मा.वि. को उत्तिर्ण प्रतिशत क्रमशः ४ र ४५ प्रतिशत रहेको अवस्थाले यि दुई विद्यालयका शैक्षिक गुणस्तरमा सुधार गर्नुपर्ने अवस्था देखिएको छ। आगामी दिनमा विद्यालय क्षेत्र तथा एसईई नतिजा सुदृढीकरणका लागि नेपाल सरकार, पालिका तथा नियामक निकायले विद्यालयहरुको प्रभावकारी अनुगमन गरी शैक्षिक गुणस्तर सुधार गर्नु पर्ने तर्फ ध्यान दिनुपर्दछ ।

१९ **नीतिगत व्यवस्था कार्यान्वयन**

क. सार्वजनिकरण

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास शिक्षा देखि बाह्र कक्षासम्मका विद्यार्थी संख्या अनुसार ५०० जनासम्म, ५०० देखि ८०० जनासम्म र ८०० भन्दा बढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न सिट आरक्षण गर्नुपर्ने व्यवस्था छ। त्यस्तै शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरिव, अपाङ्ग, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ। पालिकाले ऐन तथा नियमावली अनुसार निशुल्क शिक्षाकालागि संस्थागत विद्यालयहरुले आरक्षण उपलब्ध गराएको विवरण लेखापरीक्षणमा पेश भएको छैन। पालिकाले आफ्नो क्षेत्रका संस्थागत विद्यालयको

अनुगमन गरी ऐन तथा नियमावलीको व्यवस्थाको कार्यान्वयन सुनिश्चितता, सोको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम सार्वजनिकरण गर्नु गराउनु पर्दछ ।

ख. शिक्षक अभिलेख व्यवस्थापन

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ज) मा पालिकाले आफ्नो क्षेत्रभित्र संचालनमा रहेका सामुदायिक तथा निजी आधारभूत तथा माध्यमिक तह सम्मको विद्यालयको अभिलेख राख्ने, मूल्यांकन तथा नियमन गर्ने व्यवस्था छ। पालिकाले शिक्षा योजना तर्जुमा गरी कार्यान्वयन, अनुगमन तथा मुल्यांकन गर्नपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रभित्र संचालित संघीय, प्रदेश अनुदान तथा आन्तरिक स्रोतबाट तलब भत्ता खाने, बैकल्पिक शिक्षा सिकाई केन्द्र, सामुदायिक बालविकास केन्द्र तथा सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको नियुक्ति, अवकाश, सरुवा, बिदा तथा राजिनामा सम्बन्धी विवरण प्रमाणित गरी अभिलेख राख्नुपर्नेमा सो राखेको छैन। लेखापरीक्षणको क्रममा माग गरिएका मध्ये केहि शिक्षकहरुको अभिलेख प्राप्त भएतापनि सबैको व्यक्तिगत अभिलेख पूर्ण रुपमा राखेको नदेखिएकोले उपरोक्त अनुसारको अभिलेख अद्यावधिक तथा प्रमाणित गरी राख्नुपर्दछ।

ग. शैक्षिक गुणस्तर

सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भूमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानिय तहले बाल विकास केन्द्रहरुको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरुको व्यवस्थापकिय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रकृयामा सुधार गर्ने, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण गर्ने, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेणा अभिवृद्धि गर्ने, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन गर्ने, विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार गर्ने, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार गर्ने जस्ता कुराहरुलाई समेटी शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कार्य गरेको देखिएन। विद्यालयको शैक्षिक गुणस्तर सुधार हुने गरी शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नु पर्दछ।

२० **विद्यालयगत अनुदान**

स्थानीय तहले एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयको कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा सामुदायिक विद्यालयहरुलाई निर्देशिका बमोजिमको अनुदान निकासा दिनुपर्ने व्यवस्था छ। पालिकाले २०८१।१२।२९ मा विद्यार्थी सत्यापन गरी २०८१।१२।३१ मा सत्यापित विद्यार्थी संख्याका आधारमा गो भौ नं. १३८/२०८१।१२।३१ मा निम्न बमोजिमको प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान लगायतका अन्य अनुदान निकासा गरेको देखियो। पालिका अन्तरगतका विद्यालयमा भएको लगानीको प्रतिफल देखिने गरी विद्यार्थीको समग्रताको नतिजा प्राप्त हुनु पर्दछ।

क्र.सं.	विद्यार्थी संख्या	अनुदानको प्रकार	रकम
१	८२९	प्रति विद्यार्थी इकाई लागतका आधारमा प्रारम्भिक वालविकास/पुर्व प्राथमिक कक्षाका लागि अनुदान(ECD अनुदान रु.५०० का दरले)	४१४५००
२	२१९९	कक्षा १ — ५ (रु . १५० का दरले)	४३९८००
३	११६६	कक्षा ६ — ८ (रु . २०० का दरले)	२३३२००
४	९६५	कक्षा ९— १० (रु . २०० का दरले)	२४१२५०
५	१२५	प्राविधिक धार सञ्चालन भएका विद्यालयलाई सिकाई सामाग्री तथा व्यवस्थापन अनुदान (प्रति विद्यार्थी १५००० का दरले २ विद्यालय)	१८७५०००
६	१४१२	गैरआवासीय छात्रवृत्ति	५६४८००
७	२७७५	दिवा खाजा	६६४००२०
८	६०२६	निःशुल्क पाठ्यपुस्तक	४०६५११०

२१ **सेनिटरी प्याड खरिद**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं २.७.१३.२३ अनुसार सामुदायिक विद्यालयमा अध्ययनरत महिनावारी भएका कक्षा ६ भन्दा तल्लो कक्षाका छात्रा समेतलाई सेनिटरी प्याड उपलव्ध गराउने गरी कक्षा ६ देखि १२ सम्मका छात्राको तथ्याङ्क यकिन गरी वार्षिक १० महिनाको लागि सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को बुँदा नं. ६(४) अनुसार छात्राहरुलाई एउटा महिनावारी चक्रका लागि बढीमा सोह्र वटा (२ प्याकेट) सम्म सेनिटरी प्याड उपलब्ध गराउनु पर्ने व्यवस्था छ। पालिकाले गत वर्ष खरिद गरेको सेनीटरी प्याड चालु आर्थिक वर्षको माघमसान्त सम्मलाई पुग्ने भएकाले फागुनदेखि साउन मसान्त सम्मको आवश्यकता परिपूर्तिका लागि संघिय सशर्तबाट रु.१०,००,०००.०० बजेट विनियोजन गरी २०८१।१२।२० मा गो.भौ.नं. १२९ बाट निम्नलिखित विवरण र लागत अनुमान सहित कोटेशन आह्वान गरी सो मध्ये सारभुत रुपमा प्रभावग्राही न्यून रकम कवोल गरेको भुसाल ट्रेड एण्ड सप्लायर्ससँग रु.९,८८,०००.०० मा सेनिटरी प्याड खरिद गरेको छ।

क्र.स.	सामानको विवरण	परिमाण	दर (रु.)	कुल लागत
१.	Pure ultra clear २४० mm ८ pcs	१८००० प्याकेट	४८.६८	९,८८,०००।००

सेनिटरी प्याड खरिद सम्बन्धी थप विवरण

- सार्वनजिक खरिद नियमावली, २०६४ को नियम ११५(१) मा सार्वजनिक निकायले खरिद गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने उल्लेख छ। पालिकाले खरिद गरेको सेनिटरी प्याड नेपाल गुणस्तर तथा नापतौल विभागबाट ल्याब परीक्षण भई सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को अनुसूची १ मा उल्लेखित मापदण्ड बमोजिम भएको उल्लेख भएको देखिन्छ।
- स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याडको गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने र दफा ५ मा त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले खरिद गरेको सेनिटरी प्याड १९ विद्यालयलाई एकमुष्ट जिन्सीबाट निकासा गरेको देखिन्छ।

२२ **शिक्षक दरबन्दी तथा पदपूर्ति र विद्यार्थी संख्या**

शिक्षा नियमावली, २०५९ को नियम ९२ तथा अनुसुची १२ बमोजिम शिक्षक विद्यार्थी अनुपात अनुसार शिक्षक दरवन्दी हुनुपर्दछ। पालिका अन्तर्गतका निम्नानुसार १९ वटा सामुदायिक विद्यायलका शिक्षक दरबन्दी तथा पदपूर्ती र विद्यार्थी शिक्षक अनुपातको विवरण निम्नानुसार छ।

क्र.सं.	विद्यालयको नाम	शिक्षक दरबन्दी			कार्यरत शिक्षक			शिक्षण सिकाइ अनुदान शिक्षक			विद्यार्थी				शिक्षव	
		मा.वि	आ.वि	प्रा.वि	मा.वि.	आ.वी	प्रा.वी	मा.वि	आ.वी	प्रा.वी	मा वि	आ.वि	प्रा.वि	जम्मा	मा वि	[illegible]
१	हरैया मा. व .	४	३	८	१३	७	८	०	०	०	६४३	२२०	१४३	१००६	४९	[illegible]
२	ज्ञानज्योती आ.वि	०	०	३	०	०	६	०	१	०	०	५३	८८	१४१	०	[illegible]
३	हिमालय आ. वि.	०	०	४	०	३	५	०	०	०	०	९५	७७	१७२	०	[illegible]
४	मलावरदेवि मा. वि.	०	०	६	२	३	९	१	०	०	८१	२१३	१४८	४४२	२७	[illegible]
५	वालकल्याण आ. वि.	०	०	३	०	०	५	०	१	०	०	५२	७३	१२५	०	[illegible]
६	लुम्विनि ज्ञाननिकेतन मा.वि.	१	४	५	८	४	५	०	०	०	५६५	१६२	११७	८४४	७१	[illegible]
७	भैसाही मा. वि.	१	४	७	४	४	७	०	०	०	५३	७७	१०१	२३१	१३	[illegible]
८	रुद्रपुर मा. वि.	३	३	९	६	३	११	०	०	०	२०३	१७६	२२०	५९९	३४	[illegible]
९	शिशुसदन आ. वि.	०	०	२	०	०	६	०	१	०	०	९५	१०८	२०३	०	[illegible]
१०	ज्ञानोदय आ .वि.	०	०	५	०	३	५	०	०	०	०	७३	९२	१६५	०	[illegible]
११	सरस्वती मा. वि.	०	०	६	०	३	६	२	०	०	७८	१०२	१२५	३०५	३९	[illegible]
१२	शिव शक्ति आ. वि.	०	०	०	०	०	२	०	१	०	०	१२	४९	६१	०	[illegible]
१३	शान्तिभुमि आ. वि.	०	०	१	०	०	१	०	१	०	०	४१	७७	११८	०	[illegible]
१४	प्रगति मा. वि.	१	०	९	७	३	११	०	०	०	४९८	४२३	५४३	१४६४	७१	[illegible]
१५	दुर्गा मा.वि.	१	०	४	१	३	६	२	०	०	५५	१०५	१४१	३०१	१८	[illegible]
१६	गौतम बुद्ध आ .वि.	०	०	५	०	३	६	०	०	०	०	७९	११०	१८९	०	[illegible]
१७	गजेडी मा. वि.	२	४	५	७	५	५	०	०	०	१४५	१४७	१३१	४२३	२१	[illegible]
१८	जनज्योती मा. वि.	०	०	५	०	३	६	१	०	०	४९	८६	१०४	२३९	४९	[illegible]

१९	बुद्धभुमी आ. वि.	०	०	१	०	०	४	०	१	०	०	५३	७४	१२७	०	[illegible]
	जम्मा/ औसत	**१३**	**१८**	**८८**	**४८**	**४७**	**११४**	**६**	**६**	**०**	**२३७०**	**२२६४**	**२५२१**	**७१५५**	**४४**	[illegible]

पालिकाबाट प्राप्त सामुदायिक विद्यालयका शिक्षक दरबन्दी तथा विद्यार्थी संख्याको अनुपात विश्लेषण गर्दा १९ विद्यालयमा ७१५५ विद्यार्थी अध्ययनरत रहेकोमा दरबन्दी भित्रका शिक्षक संख्या ११९ र दरबन्दी बाहेक करार र संघिय अनुदान शिक्षक २२१ गरी कुल ३४० शिक्षक कार्यरत रही समग्रमा शिक्षक विद्यार्थी अनुपात १:३२ अर्थात १ जना शिक्षकले ३२ जना विद्यार्थीहरुलाई व्यवस्थापन गरेको अवस्था छ। शिक्षा नियमावली, २०५९ को नियम ७७ को उपनियम (१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रमा क्रमश: ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था रहेकोमा यस पालिकाका विद्यालय मध्ये प्रगति माध्यमिक विद्यालयको विद्यार्थी शिक्षक अनुपात सबैभन्दा बढी १:७० र भैसाहि माध्यमिक विद्यालयको सबैभन्दा कम विद्यार्थी शिक्षक अनुपात १:१५ रहेको देखिन्छ। त्यसैगरी १६ विद्यालयमा मापदण्ड भन्दा कम ३ विद्यालयमा मापदण्ड भन्दा बढी विद्यार्थी शिक्षक अनुपात रहेको देखिएको छ। शिक्षक विद्यार्थी अनुपात नेपाल सरकारको मापदण्ड अनुसार नदेखिएकोले विद्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम शिक्षकको समानुपातिक वितरण मार्फत विद्यालयमा दरबन्दी मिलान तथा पुनर्वितरण गरी उचित अनुपात कायम हुनुपर्छ।

२३ **नगर शिक्षा योजना**

कञ्चन गाउँपालिकाले "कञ्चन गाउँपालिकाको इच्छा समृद्ध कञ्चन एवम् समतामूलक गुणस्तरीय शिक्षा"को दूरदृष्टि सहितको आर्थिक वर्ष २०८१।८२-२०९०।९१ सम्म दश वर्षिय शिक्षा क्षेत्र योजना निर्माण गरी कार्यन्वयनमा रहेको छ। योजनामा प्रतिस्पर्धी, सक्षम, स्वास्थ, सभ्य, सिपमूलक, संस्कारयुक्त नेपाल र नेपालीप्रति गौरब गर्ने जनशक्ति तयार गर्ने मुख्य लक्ष्य सहित ८ उद्देश्य प्राप्त गर्ने ९ रणनितिहरु कार्यान्वयन गर्न ३५ कार्यनीति निर्धारण गरी कार्यान्वयनमा रहेको देखियो। तयार गरेको देखियो। यसका अपेक्षित उपलब्धिका रुपमा बालविकास र शिक्षाको अनुभव सहित निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चित हुने, प्राविधिक तथा व्यावसायिक सिप विकासका अवसरहरु वृद्धि हुने, वैकल्पिक तथा आजिवन सिकाइ मार्फत अनौपचारिक तथा आजिवन सिप विकासको अवसर प्रदान हुने, अनौपचारिक शिक्षालाई आर्जनसंग आबद्ध हुने, सबै बालबालिकाहरुका लागि गुणस्तरीय शिक्षाका लागि समतामूलक पहुँच र सहभागिता सुनिश्चित हुने, विद्यालयमा आधारित संस्कारयुक्त नैतिक शिक्षामा जोड दिने लगायतका रहेका छन्। शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रमा वार्षिक रुपमा प्राप्त हुनु पर्ने नतिजा तथा परिमाणात्मक लक्ष्य निर्धारण गरेको र मुख्य कार्यसम्पादन सुचक र लक्ष्य निर्धारणका रुपमा प्रारम्भिक बालविकास र शिक्षामा २ वटा, आधारभूत शिक्षामा १४ वटा, माध्यमिक शिक्षामा ८ वटा, जिवनपर्यन्त शिक्षा तथा सिकाइमा ४ वटा, अनौपचारिक शिक्षामा ५ वटा र शिक्षामा लगानीमा १ वटा सहित ३४ वटा २ वर्षमा मापन हुने सुचक निर्धारण गरेको छ। पालिकाको दश वर्षीय शिक्षा क्षेत्र योजनाको पहिलो वर्ष रु.२७,६३,१५,०००.०० प्राप्ती अनुमान गरिएकोमा संघ र पालिका गरी रु.२३,७९,७१,०००.०० बजेट विनियोजन गरी रु.२०,३९,८७,९६९.०० खर्च भएकोमा शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रमा निर्धारण भएको वार्षिक लक्ष्यको प्रगति अवस्था मुल्याङ्कन गरेको देखिएन। पालिकाले शिक्षा क्षेत्र विकासका लागि निर्माण गरेको योजनाको सफल कार्यान्वयन सुनिश्चित हुने गरी वार्षिक रुपमा मुख्य उपक्षेत्रमा निर्धारण भएको लक्ष्यको प्रगति अवस्था मुल्याङ्कन गरी २ वर्षको सुचक प्राप्तीको यथार्थ आंकलन सहितको मुल्याङ्कन निरन्तर रुपमा गरिनु पर्दछ।

२४ **परामर्श सेवा खर्च**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ अनुसार तालुक मन्त्रालय वा नेपाल सरकारको जनसुर्के मन्त्रालयले परामर्श सेवाको लागत अनुमान सम्बन्धी नर्म्स, परामर्श सेवाको कार्यक्षेत्रगत शर्त वा अघिल्ला वर्षमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागतका आधारमा लागत अनुमान तयार गरी सोही नियमावलीको परिच्छेद ६ अनुसार परामर्श सेवा खरिद गर्नु पर्ने व्यवस्था रहेको छ। भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोसासीलाई व्यवस्थापन गर्ने प्रयोजनार्थ भूमिहिन दलित, भूमिहिन सकुम्वासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७१ को दफा ५ मा जनशक्ति व्यवस्थापन र कार्ययोजना निर्धारण अन्तर्गत भूमिहिन दलित, भूमिहिन सकुम्वासी र अव्यवस्थित बसोबासीको पहिचान, लगत संकलन गर्न सम्बन्धित स्थानीय तहले भूमि शाखा स्थापना गर्नुपर्ने, साथै सोहि कार्यविधिको दफा १३ मा नाप नक्साको तयारी अन्तर्गत आयोग/ जिल्ला समितिले स्थानीय तह र नापी कार्यालयसँगको समन्वयमा भूमिहिन दलित, भूमिहिन सुकुम्बासीलाई वितरण तथा अव्यवस्थित बसोबासीलाई व्यवस्था गर्न योग्य जग्गाको बर्गिकरण समेत हुने गरी प्रत्येक स्थानको

चारकिल्ला समेत उल्लेख सहित पहिचान र छनौट गरी एकिन गर्नुपर्ने साथै दफा १४ मा स्थानीय तहबाट प्राप्त भएको भूमिहिन दलित, भूमिहिन सुकुम्बासी, अव्यवस्थित बसोबासीको तथ्याङ्क तथा नाप नक्सा गर्नुपर्ने जग्गाको अवस्थिति लगायतका विषयमा उपलब्ध गराएको विवरणको आधारमा आयोगले आवश्यकता अनुसारको प्रबिधि प्रयोग गरी नाप जाँचको गर्न सक्ने व्यवस्था छ। पालिकाले उक्त कार्य गर्नको लागि भूमि समस्या समाधान आयोग जिल्ला समिति रुपन्देहीबाट २०८१।१२।४ को पत्रबाट सहमति प्राप्त गरी भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको जग्गा व्यवस्थापन, डिजिटाइजेशन तथा नक्सा, डाटावेश तथा फिल्डबुक तयार गर्ने कार्यका लागि जियो इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. काठमाडौंसँग रु.१९,७४,०००.०० को सम्झौता अनुसारको कार्यसम्पन्न गरी बिल, प्रतिवेदन, कित्ता नापी प्रिन्ट नक्सा, फिल्डबुक, प्लट रजिष्टर तयार गरी आयोगमा पेश गरेको आधारमा पालिकाले भुक्तानी गरेको छ। कार्यालयले उक्त परामर्श सेवाको लागत अनुमान तयार गर्दा पालिका तथा कार्यक्षेत्रसँग सम्बन्धित निकाय (भुमि आयोग, मन्त्रालय र मातहत कार्यालय) समेतमा उपलब्ध भएको जनशक्तिले कार्य गर्न सक्ने वा नसक्ने अवस्था विश्लेषण र कार्यक्षेत्रसँग सम्बन्धित मन्त्रालय तथा निकायबाट कार्यक्षेत्रगत विवरण अनुसारको परामर्श सेवाको स्वीकृत भएको नर्म्स नगरी विभिन्न परामर्श दातासँग कोटेशन लिई लागत अनुमान स्वीकृत गरेको देखियो। पालिकाले कार्यक्षेत्रसँग सम्बन्धित निकाय (भुमि आयोग, मन्त्रालय र मातहत कार्यालय) बाट सोसम्बन्धी नर्म्स स्वीकृत नभएको र अतिरिक्त कार्य भएकोले पालिका तथा सम्बन्धित निकायबाट जनशक्ति उपलब्ध नहुने भएकोले विभिन्न परामर्श दातासँग कोटेशन लिई लागत अनुमान तयार गरी परामर्श सेवा खरिद गरेको जनाएको छ। कार्यविधिले तोके अनुसार पालिका तथा कार्यक्षेत्रसँग सम्बन्धित निकाय (भुमि आयोग, मन्त्रालय र मातहत कार्यालय) ले समन्वयात्मक रुपमा सम्पादन गर्नु पर्ने उल्लेखित कार्यक्षेत्रगत विवरण अनुसारको कार्य सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ बमोजिम उपलब्ध जनशक्तिबाट सम्पादन गर्न सकिने वा नसकिने बेहोरा स्पष्ट खुलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ अनुसार अनुसार सम्बन्धित मन्त्रालय वा नेपाल सरकारको जनसुकै मन्त्रालयले स्वीकृत गरेको उपयुक्त नर्म्सको आधारमा रही लागत अनुमान तयार गरी परामर्श सेवाको खरिद गर्नु पर्दछ।

२५ **खरिद योजना**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ अनुसार सार्वजनिक निकायले खरिद गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नु पर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७(२) अनुसार सार्वजनिक निकायले एक वर्षभन्दा वढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा वा वार्षिक १० करोड रुपैंया भन्दा बढी रकमको खरिद गर्दा नियम ७(२) अनुसार खरिदको प्रकार, परिमाण र मोटामोटी अनुमानित मूल्य, खरिद विधि लगायत व्यहोरा समावेश गरी खरिदको गुरु योजना तयार गर्नु पर्ने उल्लेख छ। त्यस्तै नियमावली, २०६४ को नियम ८ अनुसार सार्वजनिक निकायले वार्षिक दश लाख रुपैंयाँ भन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा बार्षिक खरिद योजना तयार गर्नु पर्ने उल्लेख छ। पालिकाले हरेक वर्ष सडक तथा सिँचाई लगायत कार्यक्रम कार्यान्वयन गर्न स्थानीय तहको स्रोत तथा प्रदेश र संघीय सरकारवाट बजेट प्राप्त गरी पटके रुपमा लागत अनुमान तयार गरी कार्यान्वयन गरेकोमा ऐन तथा नियमावलीमा व्यवस्था भए अनुसार खरिद गुरु योजना र बार्षिक खरिद योजना तयार गरेको देखिएन। विगत तिन वर्षको पुँजीगत तर्फको बजेट तथा खर्चको अवस्था निम्नानुसार रहेको छ। पालिकाले एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागि खरिदको प्रकार, परिमाण र मोटामोटी अनुमानित लागत मूल्य, खरिद विधि, अनुदान मापदण्ड लगायत व्यहोरा समावेश गरी व्यवस्थित रुपमा योजना कार्यान्वयन हुने गरी खरिदको गुरु योजना तथा बार्षिक खरिद योजना समेत तयार गरी कार्यान्वयन गर्नु पर्दछ।

क्र.सं.	विवरण	२०७९।८०		२०८०।८१		२०८१।८२	
		बजेट (रु.)	खर्च (रु.)	बजेट (रु.)	खर्च (रु.)	बजेट (रु.)	खर्च (रु.)
१	पुँजीगत खर्च	२२२७९३८२५	१७७७०४०७०	१८३७८१६०८	१६३७५१९१२	२१२२८९०३०	१७६६५५९८७

२६ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद २ मा लाभग्राहीको नाम दर्ता तथा नवीकरण, परिच्छेद ३ मा लाभग्राहीको अभिलेख, परिच्छेद ४ मा भत्ता रकमको भुक्तानी तथा परीक्षण, परिच्छेद ६ मा अनुगमन, निरीक्षण तथा प्रतिवेदन गर्नु पर्ने र परिच्छेद ७ अनुसारको प्रकृया अनुसार पारदर्शीता तथा जवाफदेहिता कायम गर्नु पर्ने व्यवस्था रहेको छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा त्रैमासिक रुपमा वितरण गरेको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेको सँख्या र खर्च अवस्था निम्नानुसार रहेको छ। पालिकाले सम्बन्धित लाभग्राहीले सहज रुपमा सामाजिक सुरक्षा प्राप्त गरेको र सोही अनुसार खर्च भएको सुनिश्चितता हुने गरी

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को पालनाको अनुगमन, निरीक्षण गरी सोको पारदर्शीता तथा जवाफदेहिता कायम भएको सुनिश्चितता हुनु पर्दछ।

वडा नं.	एम.आइ. एस.अनुसारको सँख्या	प्रथम त्रैमासिक रकम		दोश्रो त्रैमासिक रकम		तेश्रो चौमासिक रकम		चौथो त्रैमासिक रकम		कुल जम्मा	
		संख्या	रकम रु	संख्या	रकम रु	संख्या	रकम रु	संख्या	रकम रु	संख्य	कुल
१	८४६	८३३	७५७३४२४	८४६	७७२२४३६	८४७	७७५५१३३	८५७	७८६०४५६	८४६	३०९१
२	७३३	७२०	७१५५१५७	७३२	७२७९९११	७३८	७३३६४१६	७४१	७४०६८०३	७३३	२९१७
३	१०१४	९८७	९४२०९९९	१००३	९६३६८६१	१०२३	९७७२६५०	१०४३	९९५५६६७	१०१४	३८७८
४	११०२	१०७७	९९४०७६३	११००	१०१११६५६	१११३	१०१९०६५९	१११८	१०३१८२३६	११०२	४०५६
५	८६५	८४७	८०४८४६१	८६२	८१९५८२७	८६७	८२७७११	८८४	८३६४२४५	८६५	२५४३
जम्मा	**४५६०**	**४४६४**	**४२१३८८०४**	**४५४३**	**४२९४६६९१**	**४५८८**	**३५८८२५६९**	**४६४३**	**४३९०५४०७**	**४५६०**	**१६४८**

२७ **पूर्वाधार निर्माण अवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसारका अधिकारको कार्यान्वयन गर्न आफ्नो क्षेत्राधिकार भित्रको (सडक र सिँचाई, खानेपानी, साना जलविद्युत, वैकल्पिक उर्जा, जलाधार, भूमि वर्गिकरण लगायत) आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्नु पर्दछ। पालिकाले सडक र सिँचाई, खानेपानी, साना जलविद्युत, वैकल्पिक उर्जा, जलाधार, भूमि वर्गिकरण लगायत आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेखाङ्कन र व्यवस्थापन गरेको देखिदैन। पालिकाले अधुरो सभाहल निर्माण, विद्यालयको तल थप गर्ने, सडक निर्माण गर्ने लगायत पूर्वाधार निर्माण गर्न वार्षिक रुपमा प्राप्त भएको बजेट अनुसार लागत अनुमान तयार गरी निम्नानुसार बोलपत्र तथा सिलबन्दी लगायत खरिद विधि अपनाई कार्य गराएको अवस्था छ। संघ, प्रदेश तथा स्थानीय तहले विगतमा कार्यान्वयन गरेका योजनाको कार्यान्वयन अवस्थाको अद्यावधिक विवरण, क्रमागत कार्यान्वयन प्रगति वा आयोजनागत एकिकृत नापीकिताव नभएकोले वार्षिक रुपमा विनियोजन बजेटको कार्यान्वयन पक्ष मितव्ययी र आयोजना निर्माण कार्य पुर्ण रुपमा सम्पन्न भएको खुल्ने अवस्था देखिदैन। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसारका अधिकारको सहज र प्रभावकारी रुपमा कार्यान्वयन गर्न आफ्नो क्षेत्राधिकार भित्रको (सडक र सिँचाई, खानेपानी, साना जलविद्युत, वैकल्पिक उर्जा, जलाधार, भूमि वर्गिकरण लगायत) आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेखाङ्कन र व्यवस्थापन गरी आयोजनाको कार्यान्वयन अवस्था खुल्ने अद्यावधिक विवरण, क्रमागत कार्यान्वयन प्रगति वा आयोजनागत एकिकृत नापीकिताव अद्यावधिक गरी वार्षिक योजना निर्धारण र कार्यान्वयन गर्नु पर्दछ।

क्र.सं.	बोलपत्र/ सिलवन्दी दरभाउपत्र नं. र कामको विवरण	निर्माण व्यावसायी	लागत अनुमान	सम्झौता	घटी प्रतिशत
१	१।०८१।८२ हरैया माध्यामिक विद्यालयको भवन निर्माण- बोलपत्र	मुक्ती कन्स्ट्रक्सन प्रा.ली.	३३९४७६०२	२५२५०१३९	२६
२	२।०८१।८२ दुर्गा माध्यामिक विद्यालयको तला थप- बोलपत्र	पि.एम. कन्स्ट्रक्सन तथा सप्लायर्स सर्भिस	२५४७१४१	१६९९०२०	३३
३	३ए।०८१।८२ कुट्टा चोक देखि गजेडि बजार सम्म सडक कालोपत्रे- बोलपत्र	रवि निर्माण सेवा,बाणगंगा	१७७०८५५८	१२२०३८३२	३१
४	४।०८१।८२ खैजडी टोल देखि दियो हुँदै बेलडाँडा जोड्ने सडक कालोपत्रे- बोलपत्र	पौडेल निर्माण सेवा	१६८८१८६४	११७८४५५८	३०
५	५।०८१।८२ लौसा देखि कुचेरा चोक दानापुर बेलडाँडा हुँदै फायर लाईनसम्म जोड्ने सडक निर्माण- बोलपत्र	कोरल निर्माण प्रा.लि.	१७४८१५०८	११८९०६४९	३२
६	६।०८१।८२ मुनाल चोक देखि दुर्गा मन्दिर जाने सडक कालोपत्रे	पौडेल निर्माण सेवा	८६१११६१	५८३९७२८	३२
७	७।०८१।८२ प्रगती माध्यमिक विद्यालयमा पुर्वाधार निर्माण तथा व्यवस्थापन- बोलपत्र	समाबेशी इन्फ्रास्ट्रक्चर प्रा.लि., बानेश्वर	४०९२७७२	३३८५७८०	१७
८	८।०८१।८२ निर्मित सडकहरुको मर्मत संभार- बोलपत्र	रवि निर्माण सेवा,बाणगंगा	१९४९९४००	१४६९६४८२	२५
९	९।०८१।८२ स्थानीयको साझेदारीमा सरस्वति माध्यामिक भवन निर्माण- बोलपत्र	रोयल एस.के. कन्स्ट्रक्सन प्रा.ली.	१३९८१५९९	९२९९२३२	३३
१०	१०।०८१।८२ सडक बोर्डसँगको साझेदारीमा कार्यान्वयन हुने सडक मर्मत वडा नं ३ बाग्लुङ्गे टोल- बोलपत्र	ज्ञानेश्वरी निर्माण सेवा, सैनामैना	३५६६८४३	३११७९२१	१३
११	११।०८१।८२ हरैया माध्यामिक विद्यालयको भवन निर्माण संघ विशेष बोलपत्र	समाबेशी इन्फ्रास्ट्रक्चर प्रा.लि., बानेश्वर	३३९४७६०२	२५२५०१३९	२६
१२	१।०८१।८२ ब्रिन्दावनमा ग्राभेल- सिलवन्दी	न्यू वाणगंगा निमार्ण सेवा, वाणगंगा	१४५५८१३	९१२६४८	३७
१३	२।०८१।८२ असनैया युवा क्लबको खेलमैदान कम्पाउण्डवाल निर्माण - सिलवन्दी (प्रदेश सशर्त)	रेसुङ्गा कन्स्ट्रक्सन	१९४१२३३	१४०३१७४	२८
१४	३।०८१।८२ लौसा देखि कुचेरा चोक दानापुर हुँदै फायरलाईनसम्म जोड्ने सडक निर्माण - सिलवन्दी	ज्ञानेश्वरी निर्माण सेवा, सैनामैना	१९४१५१६	१२६४५९५	३५
१५	४।०८१।८२ संगम पथमा कालोपत्रे निर्माण - सिलवन्दी	ज्ञानेश्वरी निर्माण सेवा, सैनामैना	१९३८६९६	१४१२५४६	२७
१६	५।०८१।८२ ज्ञानज्योति प्राथमिक विद्यालयको कम्पाउण्ड वाल निर्माण - सिलवन्दी	समाबेशी इन्फ्रास्ट्रक्चर प्रा.लि., बानेश्वर	१४५५९३६	९४६३७२	३५
१७	७।०८१।८२ अपुरो सभाहल निर्माण- सिलवन्दी (प्रदेशले बनाएर बाँकी रहेको)	लुम्बिनी इन्फ्रा इन्जिनियरिङ्ग प्रा.लि.	१९५२५४७	१९१४९४९	२

१८	८।०८१।८२ वडा नं. ५ को कम्पाउण्ड वाल निर्माण- सिलवन्दी	रेसुङ्गा कन्स्ट्रक्सन	१९४१३२६	१३८७४११	२९
१९	९।०८१।८२ नेवा सामुदायि भवन - सिलवन्दी	पन्त निर्माण सेवा	१४९२९८०	११००७५५	२६
२०	१०।०८१।८२युथ भवन निर्माण - सिलवन्दी	रेसुङ्गा कन्स्ट्रक्सन	१४५३०९८	११५७५८३	२०

पालिकाले आर्थिक वर्ष २०८१।८२ मा बोलपत्र र सिलबन्दी दरभाउपत्र विधिबाट गरेको खरिद व्यवस्थापनमा लागत अनुमानको ३७ प्रतिशत घटीमा कबोल गरी सम्झौता भएको देखिन्छ।

२८ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४८ बमोजिम भ्रमण कार्य पुरा गरेको १५ दिनभित्र भ्रमण प्रतिवेदनसहित फाँटवारी पेश गरी भ्रमण पेश्की फस्योँट गर्नु पर्ने, नियम ४९ अनुसार मालसामान खरिद गरी कार्यालयमा फर्केको एक्काईस दिनभित्र मालसामान सहित बिल, भरपाई पेश गरी मालसामान खरिद पेश्की फस्योँट गर्नु पर्ने र नियम ५० अनुसार कर्मचारी बाहेकलाई पेश्की उपलब्ध गराउदा बैंक जमानत लिई पेश्की दिने र सम्झौताको शर्त अनुसार भुक्तानी भएको पेश्की फस्योँट गर्नु पर्ने व्यवस्था रहेको छ। आर्थिक वर्ष २०८१।८२ को अन्त्यसम्म निम्नानुसार म्याद नाघेको रु. ३५,६७,५६६.००र म्याद भएको रु.१४,००,०००.०० समेत फस्योँट गर्न बाँकी पेश्की रु. ४७,६७,५६६.०० रहेकोले नियमावलीको व्यवस्था र सम्झौतामा समावेश शर्त अनुसार पेश्की फस्योँट गर्नु पर्दछ। आर्थिक वर्षको अन्त्यसम्म म्याद नाघेको पेश्की असुल गरी फस्योँट गर्नु पर्ने रु.

क्र.सं.	पेश्की लिनेको नाम	कामको विवरण	पेश्की मिति	म्याद नाघेको	म्याद ननाघेको	जम्मा पेश्की
१	कोरल निर्माण प्रा लि	लौसा देखि कुचेरा चोक दानापुर बेलडाँडा हुँदै फायर लाईन सम्म जोड्ने सडक निर्माण	२०८१।८।१३	०	१४०००००	१४०००००
२	नेपाल विद्युत प्राधिकरण लुम्बिनी वितरण केन्द्र	नेपाल विद्युत प्राधिकरणसँगको सहलगानीमा स्मार्ट सडकबत्ती जडान गर्ने कार्य	२०८२।३।२४	३३६७९६६	०	३३६७९६६
		जम्मा		३३६७९६६	**१४०००००**	**४७६७९६६**

पेश्की	३३,६७,९६६

२९ **संचालन खर्चको अवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्वीकृत भएको बजेट दफा ७३(६) अनुसार प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। पालिकाको २०८१।८२ को चालु खर्च रु.१२,१७,३५,३३३।०० रहेकोमा निम्नानुसार खर्च शीर्षकमा भएको आर्थिक वर्ष २०७९।८० देखि २०८१।८२ सम्मको खर्चको अवस्था निम्नानुसार रहेको छ।

क्र.सं.	खर्च शीर्षक र आर्थिक वर्ष	२०७९।८०	२०८०।८१	२०८१।८२
१	पानी तथा बिजुली	६०९४४५	७९८४९१	१०७६४३९
२	अनुगमन मुल्याङ्कन तथा भ्रमण खर्च	३०२३४५१	४१३६५७३	२५३८६५४
३	कर्मचारी प्रोत्साहन तथा पुरस्कार	६५५३३	२५४९५०	१९९७५०
४	बैठक भत्ता - पदाधिकारी	२१७६०००	२३०७०००	२४३२५६०
५	बैठक भत्ता — कर्मचारी	७२२९००	८१९२६०	५२१७६०
६	विविध	१२१५२४४६	३८५६९९५	३०६५०४५
७	पदाधिकारी सुविधा	५९१५५००	५७८७०००	५८०६०००
८	मसलन्द तथा कार्यालय सामाग्री	७६५२०४५	५५७३४३०	२९५००२३
१०	पत्रपत्रिका, छपाइ तथा सूचना प्रकाशन	१८४३१५२	२२३७०००	१९३१५०५
११	इन्धन	३३०६१०८	१७८७८४९	१५६८४५१
१२	सवारी साधन मर्मत खर्च	१४०३३४९	१४९९१२४	१६४५३७०
१३	सभा सञ्चालन खर्च	४२६२५५	९८२२०८	९४३३८३

२९.१ भ्रमण खर्च नियमावली, २०६४ को नियम ४ मा भ्रमण किफायती हुनुपर्ने, नियम १८ मा भ्रमण सम्बन्धी बिल भरपाईहरु र नियम २१ मा भ्रमण अभिलेख राख्नु पर्ने व्यवस्था गरेको छ। पालिकाले दैनिक भ्रमण तथा अनुगमनमा आर्थिक वर्ष २०७९।८० मा रु.३०,२३,४५१.००, आर्थिक वर्ष २०८०।८१ मा रु.४१,३६,५७३.०० र आर्थिक वर्ष २०८१।८२ मा रु.२५,३८,६५४.०० खर्च भएको देखिन्छ। पालिकाले कार्यालयको कार्य र उद्देश्यसँग सामञ्जस्यता कायम गरी दैनिक भ्रमण तथा अनुगमन खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

२९.२ अध्ययन अवलोकन भ्रमण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) बमोजिम स्थानीय तहले नेपाल सरकार तथा प्रदेश सरकारले बनाएको नीति, लक्ष्य, उद्देश्य, समयसिमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्रीता, जलवायु अनुकूलन, विपद् व्यवस्थापन तथा लैङ्गिक-सामाजिक समावेशीकरणलाई जस्ता अन्तरसम्बन्धित विषयलाई मध्यनजर गरी योजना बनाउने र सोही ऐनको दफा २४(३) अनुसार योजना बनाउदा आर्थिक विकास र गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्‍याउने, उत्पादनमूलक र छिटो प्रतिफल दिन सक्ने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, लागत कम लाग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने जस्ता विषयलाई प्राथमिकता दिनु पर्ने उल्लेख छ। अध्ययन अवलोकन भ्रमणमा वडाका जन-प्रतिनिधि र कर्मचारीको क्षमता अभिवृद्धि तथा अध्ययन अवलोकन भ्रमण उल्लेख गरी निम्नानुसार कार्यक्रम समावेश गरी कार्यान्वयन गरेको देखियो। उल्लेखित कार्यक्रम निर्धारण र कार्यान्वयन गर्दा ऐनको व्यवस्था अनुसारका विषय संबोधन हुने र पालिकालाई दिर्घकालिन तथा प्रत्यक्ष लाभ हुने अवस्था रहेको खुलेको छैन। पालिकाले ऐनको व्यवस्था अनुसार हुने गरी आवश्यकता र कार्यक्रमको प्रभावकारिता विश्लेषण गरी उल्लिखित अनुसारका अध्ययन अवलोकन र भ्रमण कार्यक्रम निर्धारण र कार्यान्वयन गर्नु पर्दछ।

गो. भौ. नं.	**विवरण**	**भ्रमण स्थान**	**खर्च रकम**
१६५।०८१।८।२३	वडा नं १ को कर्मचारीहरुको अवलोकन भ्रमण ९ जना	ताप्लेजुङ पाथिभारा	१८७०००
५०५।०८२।३।११	अन्तर स्थानीय अध्ययन अवलोकन भ्रमण ९ जना	बागलुङ डोरपाटन र गुल्मी	१०६४३९
४१३।०८२।१।८	महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको अवलोकन भ्रमण ५९ जना सहभागि	बागलुङ कालिका,वेनी, जोमसोम मुस्ताङ	२५००००
४१६।०८२।१।१०	वडा नं २ का जनप्रतिनिध र कर्मचारीहरुको अवलोकन भ्रमण ९ जना सहभागि	पोखरा,बागलुङ,म्याग्दी,मुस्ताङ	२०००००

२९.३ स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ४ को उपदफा १ अनुसार पदाधिकारीलाई स्थानीय तहले सवारी साधन उपलब्ध गराउने, उपदफा २ अनुसार सवारी साधन उपलब्ध नभएमा अनुसूची बमोजिम यातायात खर्च पाउने, उपदफा ३ अनुसार सवारी साधन उपलब्ध भएको अवस्थामा यातायात सुविधा नपाउने तर अनुसूची बमोजिमको इन्धन र मोबिल उपलव्ध गराउने र उपदफा ४ अनुसार सवारी साधन नपाएको भएमा अनुसूची अनुसारको यातायात सुविधा वापत रकम पाउने उल्लेख छ। त्यस्तै कर्मचारीहरुको हकमा नेपाल सरकार अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०८१ को बुदा नं ४८ मा सवारी साधन तथा इन्धन सुविधा सम्बन्धि मापदण्डको व्यवस्था गरेको र पालिकाको विनियोजन ऐन, २०८१ मा समावेश गाउँपालिकाबाट सम्पादन हुने विभिन्न कार्यक्रम तथा सेवा सुविधाहरुको लागि खर्च सम्बन्धी मापदण्ड, २०८१।८२ लागु गरेको देखियो। पालिकामा आर्थिक वर्ष २०७९।८० देखि २०८१।८२ को अवधिमा इन्धनमा क्रमशः रु.३३,०६,१०८.००, रु.१७,८७,८४९ र रु.१५,६८,४५१.०० तथा सवारी साधन मर्मत खर्चमा क्रमशः रु.१४,०३,३४९.००, रु.१४,९९,१२४.०० र रु.१६,४५,३७०.०० खर्च भएको देखियो। ऐन, निर्देशिका र मापदण्डको आधारमा बजेट निर्धारण गरी मितव्ययी रुपमा खर्च व्यवस्थापन हुनु पर्दछ।

२९.४ स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ को दफा १५ अनुसार पदाधिकारी तथा सदस्यले यस ऐन बमोजिम प्राप्त गरेका सुविधाहरुको विवरण तीन-तीन महिनामा सम्बन्धित स्थानीय तहले सार्वजनिक गर्नु पर्ने व्यवस्था गरेको छ। पालिकाले यस वर्ष स्थानीय तहका पदाधिकारी तथा सदस्यलाई सुविधा भुक्तानी गरेको खर्च विवरण तोकिए बमोजिमले सार्वजनिक गरेको देखिँदैन। ऐनको दफामा भएको व्यवस्था अनुसार पदाधिकारीले प्राप्त गरेको सेवा सुविधा तीन-तीन महिनामा सार्वजनिक गर्नु पर्दछ।

२९.५ विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) बमोजिम स्वीकृत बजेट खर्च गर्दा नियमितता, कार्यदक्षता, मितव्ययिता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। पालिकाको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) को विवरण अनुसार विविध खर्च शीर्षकमा वडा र पालिकातर्फको समेत आर्थिक वर्ष २०७९।८० देखि २०८१।८२ सम्म क्रमशः रु.१,२१,५२,४४६.००, रु.३८,५६,९९५.०० र रु.३०,६५,०४५.०० खर्च भएको देखिन्छ। विविध खर्चमा विषयगत समिति तथा वडा समितिका बैठक, कार्यपालिका तथा कार्यालयको बैठक, कार्यक्रम तथा अतिथि सत्कारमा भएको खर्च समावेश भएको देखियो। पालिकाले वित्तीय क्षमताको आधारमा रही ऐन, निर्देशिका तथा खर्चको मापदण्ड अनुसार विविध खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : कन्चन गाउँपालिका, रुपन्देही , कन्चन गाउँपालिका , रुपन्देही

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	सागर गौतम	२०७९-११-२५	२०८२-०१-०२
कार्यालय प्रमुख	माधव प्रसाद पोख्रेल	२०८२-०१-०३	हाल सम्म कार्यरत
लेखा प्रमुख	सन्तोष गैरे	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
०	०	०	०	०	३,३६७,९६६
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	३,३६७,९६६
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	३,३६७,९६६

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		८३२९२५६६	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	६१७९१०९५०	चालु खर्च	४८३५३१७२१
प्रदेश सरकारबाट अनुदान	२७३१६६४९	पूँजीगत खर्च	१७८९५५९८७
राजश्व बाँडफाँट	०.०	वित्तीय/अन्य व्यवस्था	२८७९६८९४
आन्तरिक आय	२९५६८०६९		
अन्य आय	४८३२४६४.०		
कुल आय	६७९६२८१३२.०	कुल खर्च	६९१२८४६०२
बाँकी मौज्दात		७१६३६०९६	

अनुसूची - २

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्तिर भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट निकाय)

क्र.स./आर्थिक सङ्केत	विवरण	टिप्पणीनं	चालुआ.ब.को कारोबार			गतआ.ब. को कारोबार		
			नगद	तेस्रोपक्ष भुक्तानी (सोफै भुक्तानी)	जम्मा	नगद	तेस्रोपक्ष भुक्तानी (सोफै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		१०,२१,४१,००६.७०	०	१०,२१,४१,००६.७०	८,६६,०४,१४२.३९	०	८,६६,०४,१४२.३९
१३०००	अनुदान		३५,३४,६५,७२६.५२	०	३५,३४,६५,७२६.५२	३३,७१,३५,०७६.५०	०	३३,७१,३५,०७६.५०
१४०००	अन्यराजस्व		१,४०,२८,६२९.४८	०	१,४०,२८,६२९.४८	३,२८,५५,२७६.९१	०	३,२८,५५,२७६.९१
१५०००	विविधप्राप्ति		३,९८,९९२.००	०	३,९८,९९२.००	८,९७,६८४.००	०	८,९७,६८४.००
क	**कुलजम्मा प्राप्ति**		४७,००,३४,३५४.७०		४७,००,३४,३५४.७०	४५,७४,९२,१७९.८०		४५,७४,९२,१७९.८०
३	चालु		३०,७२,०१,२६३.१४	०	३०,७२,०१,२६३.१४	३०,८०,५०,५२६.५६	०	३०,८०,५०,५२६.५६
२१०००	पारिश्रमिक / सुविधा		६,२९,६४,८५४.१४	०	६,२९,६४,८५४.१४	१९,८१,३१,६८५.७८	०	१९,८१,३१,६८५.७८
२२०००	मालसामानतथा सेवाको उपयोग		६,६८,७७,५४०.००	०	६,६८,७७,५४०.००	८,२९,४२,२५६.७८	०	८,२९,४२,२५६.७८
२५०००	सहायता (Subsidy)		१५,८७,२९,५४८.००	०	१५,८७,२९,५४८.००	८४,६६,३२४.००	०	८४,६६,३२४.००
२६०००	अनुदान		५०,९१,३४२.००	०	५०,९१,३४२.००	०	०	०
२७०००	सामाजिकसुरक्षा		१,२७,७३,७६३.००	०	१,२७,७३,७६३.००	१,७८,०४,११०.००	०	१,७८,०४,११०.००
२८०००	अन्यखर्च		७,६४,२१६.००	०	७,६४,२१६.००	७,०६,१५०.००	०	७,०६,१५०.००
४	पूंजीगत		१७,६६,५५,९८७.००	०	१७,६६,५५,९८७.००	१६,३७,५१,९१२.००	०	१६,३७,५१,९१२.००
३१११०	भवनतथा संरचना		४,५८,७९,७१५.००	०	४,५८,७९,७१५.००	४,१४,४१,५०२.००	०	४,१४,४१,५०२.००
३११२०	सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		१,२२,५३,७६०.००	०	१,२२,५३,७६०.००	१,३३,७६,७७३.००	०	१,३३,७६,७७३.००
३११३०	अन्यपूँजीगत खर्च		१६,५३,३५९.००	०	१६,५३,३५९.००	६,३२,८७३.००	०	६,३२,८७३.००
३११५०	सार्वजनिकनिर्माण		१०,००,१४,९२७.००	०	१०,००,१४,९२७.००	१०,०७,९३,८५२.००	०	१०,०७,९३,८५२.००
३११६०	निर्मितसरंचनाकोसुधार खर्च		८४,४९,१२५.००	०	८४,४९,१२५.००	२७,१२,९५०.००	०	२७,१२,९५०.००
३११७०	पूँजीगतसुधार खर्च		८४,०५,१०१.००	०	८४,०५,१०१.००	४७,९३,९६२.००	०	४७,९३,९६२.००
ख)	**कुलजम्मा भुक्तानी**		४८,३८,५७,२५०.१४		४८,३८,५७,२५०.१४	४७,१८,०२,४३८.५६		४७,१८,०२,४३८.५६
ग)	**बचत /कमी (ग = क-ख)**		(१,३८,२२,८९५.४४)		(१,३८,२२,८९५.४४)	(१,४३,१०,२५८.७६)		(१,४३,१०,२५८.७६)
घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)**		२१,६६,४२५.००		२१,६६,४२५.००	४४,७२,०४०.००		४४,७२,०४०.००
घ.१)	**कट्टीरकम भुक्तानी/दाखिला गर्न बाकी**							
ङ)	**यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)**		(१,१६,५६,४७०.४४)		(१,१६,५६,४७०.४४)	(९८,३८,२१८.७६)		(९८,३८,२१८.७६)
च)	**गतआ.व.को नगद तथा बैंक मौज्दात**		८,३२,९२,५६६.८०		८,३२,९२,५६६.८०	९,३१,३०,७८५.५६		९,३१,३०,७८५.५६
छ)	**विनिमयनाफा/घाटा तथा अन्य समायोजन**							
ज)	**आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**		७,१६,३६,०९६.३६		७,१६,३६,०९६.३६	८,३२,९२,५६६.८०		८,३२,९२,५६६.८०

सुझाव

कन्चन गाउँपालिकाद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।